# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## पाटन नगरपालिका


## बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९
## पाटन नगरपालिका
## बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## पाटन नगरपालिका

## बैतडी

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,
(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७९।८०
च.नं. ५७०

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
पाटन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले पाटन नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ६ करोड १७ लाख ६५ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ३२ लाख ६५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड २६ लाख १९ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड १६ लाख ९१ हजार र पेश्की रू. ४१ लाख ९० हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु ९ करोड ३१ लाख ७२ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १५ करोड ४९ लाख ३७ हजार रहेको छ । **नगरपालिकाको बेरुजू वर्गीकरण तथा अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

पाटन नगरपालिका, बैतडी

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८४ | १२२ | ६१७६५ | ० | ० | ० | ८४ | १२२ | ६१७६५ | ३२६५ | ३१६९१ | २२६१९ | ० | ० | ५४३१० | ४१९० |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाटन नगरपालिका बैतडी | ९३१७२ | ० | ० | ९३१७२ | ० | ६१७६५ | १५४९३७ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : पाटन नगरपालिका, बैतडी , पाटन नगरपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजेन्द्र प्रसाद भट्ट | २०७७-१०-७ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ६१,७६५,१६९.५२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,४९,७४,२३४.३५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५२,६४,६२,००० | **चालु खर्च** | ४२,५६,७४,३३३.०६ |
| **प्रदेश सरकारबाट अनुदान** | २,३१,४४,००० | **पूँजीगत खर्च** | १४,२७,४७,४९१.०५ |
| **राजश्व बाँडफाँट** | ९,४५,०२,०६७.९५ | **वित्तीय/अन्य व्यवस्था** | १४,९०,५४,२०५.७४ |
| **आन्तरिक आय** | ७०,५८,६०४.५७ | | |
| **अन्य आय** | १६,३३,७४,६६०.३९ | | |
| **कुल आय** | ८१,४५,४१,३३२.९१ | **कुल खर्च** | ७१,७४,७६,०२९.८५ |
| **बाँकी मौज्दात** | | १३,२०,३९,५३७.४१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले मिति २०७१।८।१६ मा यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जन सहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस पाटन नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, २१९.२६ वर्ग किलोमिटर क्षेत्रफल तथा ३० हजार ४३५ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण गरी मिति २०७९।५।२९ मा छलफल सम्पन्न भएको छ,लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा दाखिला**<br>लेखापरीक्षणको समयमा संघिय शर्सत र प्रदेश शर्सतको रकम मिति २०७९।५।३० र २०७९।५।३१ मा राष्ट्रिय वाणिज्य बैंक बैतडीमा रू ५,१४,५७,२५५।०० अनुदान फिर्ता गरेको छ । | |
| ४ | | | **बजेट तथा कार्यक्रम** | |
| ४.१ | | | **बजेट निर्माण तथा कार्यक्रमः** यस नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्धारित गरेका योजना निर्माणका सातवटै चरणहरु पुरा गरेको छ । नगर सभाको माइन्युटमा योजनाहरुको विनियोजित रकमा सहितको विवरण राख्नु पर्नेमा सो गरेको देखिएन । नगरसभामा विनियोजित रकमको क्रियाकलाप विवरणहरु संलग्न गरी प्रमाणित गरी राख्नु पर्दछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था बमोजिम बजेट तर्जुमा गर्दा प्रस्ताव गरिएको स्रोतको अनुमान र खर्चको प्रस्ताव सहितको विवरण पेश हुनु पर्दछ ।यस नगरपालिकाले आ.व. २०७८।७९ को बार्षिक बजेट (रातो किताब) मा सबैं आय- व्यय पेश गरेतापनि आर्थिक आर्थिक बर्ष २०७८।७९ को नीति तथा कार्यक्रम र वजेट पुस्तिकामा व्ययको प्रस्तावित विवरणमात्र उल्लेख गरेको पाइयो ।रातो किताबमा रकम रु. ६३,७३,२४,२३४.३५ उल्लेख भएतापनि वजेट पुस्तिकामा रकम रु. ६४,२७,१४,२३४.३५ विनियोजित देखिन्छ । यसरी विश्लेषण बिना बजेट विनियोजन कुशलता तथा कार्यान्वयन दक्षता कायम हुन सक्दैन । यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| ४.२ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१को उपदफा १ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र सोही दफाको उपदफा ६ बमोजिम यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ को उपदफा १ मा सभाबाट बजेट स्वीकृत | |

भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । बजेट स्विकृत हुँदा विनियोजन ऐन समेत पारित गर्नुपर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहमा उपाध्यक्ष/उप प्रमुख श्री सरस्वती कोली ले मिति २०७८।०३।१० गते रु ६३ करोड ७३ लाख २४ हजार २३४ को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३ ।२९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०६ ।२२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । त्यस्तै २०७८।०४।०४ मा आर्थिक ऐन र २०७८।०६।१९ मा विनियोजन ऐन स्विकृत गरेको देखिन्छ । यस्तो अवस्थाले पालिकामा कानुनको पुर्णरुपमा पालना भएको छ भन्न सकिने अवस्था देखिएन । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

४.३

**क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३८८३६००० | २३१३६००० | ४।०७ |
| सामाजिक क्षेत्र | ४३५०५३००० | ३९७७७२००० | ६९।९७ |
| पूर्वाधार विकास क्षेत्र | १०२५५६००० | ६९७४४००० | १२।२६ |
| संस्थागत विकास र सेवा प्रवाह र सुशासन | ४७०६००० | ४४५०००० | ०।७८ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १०३५५०००० | ७३३१६००० | १२।८९ |
| **जम्मा** | **६८४७०१०००** | **५६८४१८०००** | **८३।३०** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ६९।९७ प्रतिशत र संस्थागत विकास र सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ०।७८ प्रतिशत रहेको छ

४.४

**चौमासिक पूँजीगत खर्च**- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नु पर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक | |
| १ | पूँजीगत खर्च | १४२७४७ | ३४२८ | १६८३३ | १२२४८५ | ८८१०७ |
| | कूल खर्चः | १४२७४७ | ३४२८ | १६८३३ | १२२४८५ | ८८१०७ |
| | खर्च प्रतिशत | | २।४० | ११।७९ | ८५।८० | ६१।७२ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ८५.८० प्रतिशत तथा आषाढ महिनामा मात्र ६१.७२ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

४.५ **रकमान्तरः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्था बमोजिम नगर सभाले आफ्नो अधिकार प्रत्योजित गरी नगर कार्यपालिकालाई विनियोजित रकमको १० प्रतिशत सम्मको अधिकार दिइएकोमा सोको पुर्ण रुपमा कार्यान्वयन गरेको पाइएन । लेखापरीक्षणको क्रममा देहाय बमोजिम रकमान्तर गरेको पाइयो ।

| सि.नं. | विवरण | सुरु विनियोजित रकम | रकमान्तर गरिएको रकम | थप वा घट प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आन्तरिक कोष पुँजिगत<br>मागमा आधारित व्यवसायिक युवाहरुलाई अनुदान वितरण | १५३००० | १५०००० | ९८ | |
| २ | आन्तरिक कोष पुँजिगत एम्बुलेन्स खरिद | १९३०००० | ११५०००० | ५० प्रतिशत भन्दा बढी | |
| | | | | | |

४.६ **खर्च बिश्लेषण —** पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ७०५८६०४।५७ राजस्व बाँडफाँड र अनुदानबाट रु ६४४२२९९६।९९ समेत रु ६५१२८८५७४।५६ आम्दानी भएकोमा चालु तर्फ रु ४२५६७४३३३।०६ र पूँजिगत तर्फ रु १४२७४७४९१।०५ समेत रु ५६८४२१८२४।११ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १।२४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू ७७७८७००।००खर्च भएको छ जुन आन्तरिक आयको न्युन ११ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व

| | | | | |
|---|---|---|---|---|
| | | | बाँडफाँडको रकमबाट ६५।३५ प्रतिशत चालु र २१।९१-प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ । | |
| ४.७ | | | **योजना र कार्यान्वयन**–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन् । | |

| क. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | १लाख सम्मका योजना | ७८ | ४९७२९५० |
| २ | १देखि २ लाख सम्मका योजना | १३८ | २८३६९८८० |
| ३ | ५लाखदेखि १० लाखसम्म योजना | २७ | १९०२६००० |
| ४ | १०लाख भन्दा माथि योजना | ४ | ६७००००० |

| | | | | |
|---|---|---|---|---|
| ४.८ | | | **कन्टेन्जेन्सी रकम व्यवस्थापनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा अनुसुची १ मा उल्लेख भए बमोजिम लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने तथा सोको खर्च गर्दा वर्क चार्ज खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । नगरपालिकाले उपभोक्ता समितिबाट काम गराउँदा योजनाको लागत रकमको ४ प्रतिशत रकम कन्टेन्जेनसी रकम कट्टी गरेको छ । कन्टेन्जेन्सी रकमलाई व्यवस्थित गर्नको लागि कन्टेजेन्सी योजना बनाएर व्यवस्थित गरेको पाइएन ।जुन कार्यको लागि कन्टेन्जेन्सी रकम कट्टि गरीएको हो सोही कार्यमा मात्र खर्च गर्ने गरी कन्टेन्जेन्सी योजना बनाएर यसलाई थप व्यवस्थित गर्ने तर्फ कार्यालयको ध्यान जानु जरुरी छ । | |
| ५ | | | **बित्तिय बिवरण** | |
| ५.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार | |

| | | | | |
|---|---|---|---|---|
| | | | गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको श्रेस्ताको मौज्दात भन्दा बैक मौज्दात रु २३६२८३९।८९ बढी देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको भएता पनि आर्थिक बिवरणले सम्पुर्ण कारोवार एकिकृत रूपमा प्रस्तुत गर्दैन। कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा रू ८४,९५,१५,५६७।२६ को आर्थिक बिवरण पेश गरेकोमा सामाजिक सुरक्षामा रू १२,९०,३७,१२९।४१ एकिकृत स्वास्थ्य पूर्वाधार बिकास कार्यक्रममा रू ६५,४४,०९३।०० र स्थानिय तह प्रशासनिक भवन निमार्ण कार्यक्रममा रू ६०,००,०००।०० समेत गरी जम्मा रु १४,१५,८१,२२२।४१ म.ले.प. फा. न.२७२ भन्दा बाहिर रहेको देखिन्छ ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरण तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ५.२ | | | **जिम्मेवारी फरक परेको**–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ४,२२,९३,५८८।०० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ४,७६,०६,४७४।०० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ५३,१२,८८६।००बढी जिम्मेवारी सरेको सम्बन्धमा एकिन हुनु पर्दछ । | |
| ५.३ | | | **बैक हिसाब मिलान नगरेको**–स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नु पर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ताको साटन बाकी बिवरण बैक बाकी मौज्दात भिडान गर्दा रू,२३,६२,८३९।८९ बैकमा बढी रहेको देखिएकोले फरक पर्न गएको बैंक हिसाब मिलान विवरण तयार गरी एकिन गर्नु पर्दछ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | आन्तरीक राजस्व खाता | ० | ७०,०६,१५५।६ | |
| २ | बाडफाटबाट पाप्त राजस्व | ० | ,१,९५,५४,०९७।२१ | |
| ३ | आन्तरीक अनुदान | ० | ० | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>चालु खर्च खाता जोर बर्ष</td><td>०</td><td>३,६४,८५,,८२१।५७</td><td></td></tr>
<tr><td>५</td><td>पुजिगत खर्च खाता जोर बर्ष</td><td>०</td><td>१,७२,६७,०६८।५७</td><td></td></tr>
<tr><td>६</td><td>स्थानीय प्रकोप ब्यवस्थापन कोष</td><td>२५,८८,८२३।३२</td><td>२५,८८,८२३।३२</td><td></td></tr>
<tr><td>७</td><td>बिबिध खर्च खाता</td><td>४६,७४,६८७।२१</td><td>४६,७४,६८७।२१</td><td></td></tr>
<tr><td>८</td><td>स्थानिय संचित कोष</td><td>११,९७,०१,१०३।२४</td><td>४,८३,०८,३३५।९०</td><td></td></tr>
<tr><td>९</td><td>धरौटी खाता</td><td>४८,९८,७०६।१२</td><td>४८,९८,७०६।१२</td><td></td></tr>
<tr><td></td><td></td><td>१३,०५,७९,०९४</td><td>१३,२९,४१,९३३।८९</td><td>२३,६२,८३९।८९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५.४</td><td></td><td></td><td>कट्टी रकम दाखिला नभएको : आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व कार्यबिधि ऐन २०७६ मा कट्टी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले आर्थिब बर्ष २०७८।७९ मा कट्टी भई राजस्व खातमा दाखिला गर्न बाकी रहेको रू ४,९२,०८२।३३ संघिय संचित कोष दाखिला गरेको देखिएन। अत कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको/फर्म/संगठन नाम</th><th>असुली रकम</th></tr>
<tr><td>५.४.१</td><td>कट्टी बाकी दाखिला नभएको</td><td>४,९२,०८२.३३</td></tr>
</table>
</td><td>४९२,०८२.<br>३३</td></tr>
<tr><td>५.५</td><td></td><td></td><td>लक्ष्य प्रगति : कार्यालयले चौमासिक र बार्षिक स्तरको प्रगती विवरण बनाई पेश गर्नु पर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन ।साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालुतर्फ कुल ४२२ कार्यक्रममा ६१ वटाको शुन्य प्रगति देखिन्छ र पुजिगततर्फ ३१३ कार्यक्रम मध्य ४४ वटा कार्यक्रममा शुन्य प्रगति खेखिन्छ । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण</td><td></td></tr>
<tr><td>६.१</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणाली: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नु पर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन,<br>•. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन,</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले गरेको देखिएन,<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन,<br>• बैक हिसाव मिलान गरेको देखिएन,<br>• कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन, · स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो,<br>• जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो., ·<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, ·<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा से अनुसार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु पर्नेमा गरेको पाईएन,<br>• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन,<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीतर्फ ६४ जनाको दरबन्दी रहेकोमा ३० रिक्त रहेको पाईयो,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन,<br><br>• कार्यालयले यस बर्ष नगरपालिकाको आय र ब्ययको आन्तरिक लेखापरीक्षण गराएको छैन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br>तसर्थ पालिकाले उपर्युक्तानुसारका बिषयहरूमा आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरेर सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ६.२ | | | **सूचना प्रविधी पद्दतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसंग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसंग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधी नियन्त्रण वातावरणको ब्यहोरा निम्न रहेको छ ।<br>१. कार्यालयको आफनो पहुच भन्दा बाहिरको निकायको पहुच रहेको,<br>२. सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन,<br>३. सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन,<br>४. कार्यालयमा २ प्रकारका सफ्टबेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृर्त आर्थिक बिवरण तयार गर्ने म्यानुअलमा भर पर्नु पर्ने अवस्था रहेको ।<br>समग्र कारोवार एउटै सफ्टवेयरबाट नभएको कारण नगरपालिकाको वास्तविक आय ब्यय निकाल्न समस्या देखिन्छ । | |
| ६.३ | | | म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा देखएका ब्यहोरा निम्न रहेका छन । कार्यालयले म.ले.प. फाराम बमोजिम सवारी साधनको अभिलेख अधावधिक गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक आंशिक रूममा मात्र राखेको देखिन्छ, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन । | |
| ६.४ | | | भ्रमण अभिलेख : भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ बमोजिम म.ले.प फारामको प्रयोग गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ भ्रमण गरेका कर्मचारीहरूको निम्न अनुसारको बिवरण राखेको देखिएन अत कार्यालयले यसतर्फ ध्यान दिनु पर्दछ ।<br>• म. ले. प. फाराम बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।<br>• म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको देखिएन ।<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन आंशिक रूपमा मात्र लिने गरेको देखिन्छ । | |
| ६.५ | | | बेरुजु लगतः यस कार्यालयले बेरूजु सम्बन्धि म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग गरेको देखिएन । अत कार्यालयले म. ले. प. फारामको प्रयोग गरी बेरूजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ७ | | | **राजश्व आन्तरिक नियन्त्रण** | |
| ७.१ | | | **राजश्व अभिलेखः**<br>पालिकाको राजस्वको अभिलेख अध्यावधिक गरी सो को लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सो को पूरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । सङ्कलन भएका राजश्व रकमको दैनिक अभिलेख किताब खडा गरेको पाइएन। पालिकाबाट सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्नेतर्फ ध्यान जानु पर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ पालिकाबाटै छानबीन गर्नु पर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत् व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनु पर्ने देखियो । | |
| ७.२ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. ४५,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।०७९ रु. २७,७३,४५७.२६ अर्थात् अनुमान भन्दा ६१.६३ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ७.३ | | | **राजश्वको तथ्याङ्क लेखाङ्कनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रकोआधारभूत तथ्याङ्क सङ्कलन, अभिलेख र सो को व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले स्थानीय तथ्याङ्क | |

| | | | | |
|---|---|---|---|---|
| | | | सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को सङ्कलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदायसतर्फ ध्यान दिनु पर्दछ । | |
| ७.४ | | | **कर तथ शुल्क असूली:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असूली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| **आय शीर्षक** | **अनुमान** | **असूली** | **असूली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ० |
| घरजग्गा बहाल कर | ३७७०७८ | ३७०५४३.८ | ९८.२६ |
| व्यवसाय कर | ७२५९०० | ९२१९१० | १२७ |
| बहाल बिरौटी शुल्क | ० | ० | ० |
| अन्य कर | ० | ० | ० |
| प्रशासनिक दण्ड, जरिवाना जफत | ० | ० | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लेखित असूली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ७.५ | | | **आन्तरिक आयको तुलना:** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८/७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः | |

| केन्द्रिय अनुदानबाट खर्च (रु. हजारमा) | आन्तरिक आय (रु. हजारमा) | आन्तरिक आय % |
|---|---|---|
| ४७५०६२ | २७७३ | ०.५८ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा०.५८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| ७.६ | | | **व्यवसाय करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर उठाएको देखिएन । तसर्थ, पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ८ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| ८.१ | | | **जिन्सी व्यवस्थापनः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ (१) तथा १११ (१,२,३,४,५, ६ र ७) बमोजिम कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको, मर्मत तथा लिलाम गर्नुपर्ने बिभिन्न मालसामान तथा सामाग्रीहरुलाई १ महिनाभित्र लिलाम प्रकृया शुरु गर्नुपर्ने तथा मिनाहा दिनुपर्ने बिभिन्न सामाग्रीहरुलाई समिति बनाई मिनाहा दिनु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको जिन्सी प्रतिवेदन अनुसार प्रयोगमा नरहेका ल्यापटप, प्रिन्टर, यु.पि.एस. समेतका सामाग्रीहरु ७ किसिमका ३७ वटा रहेका छन् । जसमध्ये मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने २ किसिमका १० वटा सामाग्री, लिलाम बिक्री गर्नुपर्ने ३ किसिमका १० वटा सामाग्री र मिन्हा गर्नुपर्ने ३ किसिमका १७ वटा सामाग्रीहरु रहेको छ। प्रतिवेदनमा उल्लिखित सिफारिस बमोजिम कानूनी प्रकृया अपनाई मालसामान तथा सामाग्रीहरुको मर्मत, लिलाम तथा मिन्हा गरेको पाइएन। उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत, लिलाम तथा मिन्हा गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ। | |
| ८.२ | | | **कोषको विवरणः** आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६ (१) ले कोषको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ । पालिका अन्तर्गतका रहेका कर्मचारी कल्याण कोष, विविध कोष र प्रकोप व्यवस्थापन कोष गरी ३ वटा कोषहरुको विवरण अद्यावधिक छ । कोषको आय प्राप्तिको उपयोग् गरेको छैन् । कोषको कार्यविधि तयार गरी व्यवस्थित गर्नु पर्दछ। | |
| ८.३ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोरअभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु,गराउनुरअभिलेख राख्नु पर्दछ । | |
| ८.४ | | | **सम्पत्तिको बेरुजु लगत तथा सम्परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । अर्थ मन्त्रालयको मिति २०७३।१२।२५ को निर्णय अनुसार आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिकाको नाममा रहेको पेश्की | |

<table>
<tr><td></td><td></td><td></td><td>तथा बेरुजू अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अद्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>अनुदान पाप्ती उपयोग र फिर्ता</td><td></td></tr>
<tr><td>९.१</td><td></td><td></td><td>अनुदानको अनुगमन– सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, पशु, शैक्षिक सेवा, सामान खरिदमा रु १७,००,०००।०० तथा विभिन्न सहकारी संस्थालाई अनुदानमा रु ११,४२,४८४ गरी रु ३१,४२,४८४ खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको एकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.२</td><td></td><td></td><td>नाफामूलक संस्थालाई अनुदान– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।यदि उपलब्ध गराउने हो भने पनि सार्बजनिक रुपमा निशुल्क वा न्युन शुल्कमा सेबा उपलब्ध गराउने सुनिश्चित हुनुपर्दछ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका २ नाफामूलक संस्थाको कार्यालयको भवन निर्माणको लागी रू ११,४२,४८४ अनुदान उपलब्ध गराएका छन् । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।
<table>
<tr><td>सि.नं.</td><td>भौचर न</td><td>अनुदान पाउने संस्थाको नाम</td><td>प्रयोजन</td><td>अनुदान रकम</td></tr>
<tr><td>१</td><td>११३।२०७८।१२।१९</td><td>सिद्रेश्वरी सहकारी संस्था</td><td>भवन निर्माण</td><td>४,७९,९९१</td></tr>
<tr><td>२</td><td>१३०।२०७९।१।११</td><td>सप्तरङगी सहकारी सस्था</td><td>भवन निर्माण</td><td>६,७०,४९३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>११,४२,४८४</td></tr>
</table></td><td></td></tr>
<tr><td>९.३</td><td></td><td></td><td>अनुदान फिर्ता– संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायको संचित कोषमा फिर्ता गर्नु पर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०७९।५।३० मा तिन वटा दाखिला भौचरबाट रू ५१४५७२५५।००फिर्ता गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>संगठन तथा कर्मचारी व्यवस्थापन</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १०.१ | | | **दरबन्दी र पदपूर्तिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६४ जनाको दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म ७० जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत,शिक्षा अधिकृत, सिनियर डिभिजन इन्जिनियर, लेखा अधिकृत जस्ता पदहरु रिक्त रहेका छन् । पदपूर्तिमध्ये इन्जिनियर सहित ३६ जना करारका कर्मचारी राखी पदपूर्ति गरिएको छ । स्वीकृत दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन,सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ, रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ। | |
| १०.२ | | | **करार कर्मचारीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले बिभिन्न पदमा ९३ जना करार कर्मचारीहरु राखी रु. २,०४,८०,००० खर्च लेखेको छ ।<br>सोही ऐनको दफा ८३ (८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लिखित पद बाहेक ३ वटा बिभिन्न पदमा १४ जना करार कर्मचारी नियुक्ति गरी बर्ष भरीमा रु. ३७,७०,००० भुक्तानी गरेको रकम तथा सोही ऐन अनुसार आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था अनुसार कार्यालय सहयोगी पदमा १३ जना बढी र प्राविधिक सहायक पदामा २ जना बढी गरी १५ जना करार कर्मचारी दरबन्दीभन्दा बढी नियुक्ति गरी बर्ष भरीमा रु. ३३,८३,३६० भुक्तानी गरेको रकम समेत जम्मा कूल रु. ७१,५३,३६० अनियमित देखिन्छ । | |
| १०.३ | | | **तलबी प्रतिवेदनः** निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५० को व्यवस्था अनुसार जिल्ला स्थित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट निजामती कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत गराएर मात्र तलब खर्च लेख्नु पर्नेमा आर्थिक वर्ष २०७८।७९ मा पालिकाको स्थायीतर्फका ८१ जना कर्मचारीहरुको तलबी प्रतिवेदन पारीत बेगर जम्मा रु. ४,७५,७२,९०४ तलब भत्ता भुक्तान गरेको पाइयो । यसरी तलबी प्रतिवेदन पारीत नहुँदा ग्रेड समेत यकीन गर्न सकिएन । पालिकाले तलबी प्रतिवेदन पारीत गरी मात्र तलब भत्ता भुक्तान गर्नु पर्दछ । | |
| १०.४ | | | **वडा सचिवको पदपूर्तिः** पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ। रिक्त पदहरुको पदपूर्ति गर्नु पर्दछ । | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १० | १० | ४ | ६ |

११ **पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ७७७८७०० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख/उपाध्यक्ष | वडाअध्यक्ष १० जना | कार्यपालिका सदस्य ८ जना | सभाका सदस्य ३४ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 8500.00 | 7650.00 | 80750.00 | 57800.00 | 0 | 154700.00 |
| २ | यातायात खर्च | - | 100,000.00 | - | 34,000.00 | - | 134,000.00 |
| ३ | टेलिफोन,मोबाइल | 70,000.00 | 60,000.00 | 368,000.00 | 301,000.00 | 816,000.00 | 1,615,000.00 |
| ४ | पुस्तक,पत्रीका,ईन्टरनेट | 60,000.00 | 50,000.00 | 368,000.00 | 301,000.00 | 1,020,000.00 | 1,799,000.00 |
| ५ | समन्वय तथा सहजीकरण | 100,000.00 | 90,000.00 | 598,000.00 | 330,000.00 | 1,360,000.00 | 2,478,000.00 |
| ६ | अतिथि सत्कार | 11,000.00 | 100,000.00 | 720,000.00 | - | - | 831,000.00 |
| ७ | खानेपानी/बिजुली/सरसफाई | 40,000.00 | 35,000.00 | 23,000.00 | 92,500.00 | | 190,500.00 |
| ८ | चाडपर्व खर्च | 27,500.00 | 25,000.00 | 180,000.00 | 80,000.00 | 264,000.00 | 576,500.00 |
| | जम्मा | **317,000.00** | **467,650.00** | **2,337,750.00** | **1,196,300.00** | **3,460,000.00** | **7,778,700.00** |

१२ **सेवा प्रवाहको स्थिति, आर्थिक सहायता र विविध खर्च**

१२.१ **सेवा प्रवाहको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छः

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | १ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>२५५५</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>३९१</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>२२२</td></tr>
<tr><td>विवाह दर्ता</td><td>४७३</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>२</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>0</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>0</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>0</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>0</td></tr>
</table>
माथि उल्लिखित पालिकाले दिएको सेवा प्रवाहको स्थिति हेर्दा जन्मदर्ताको सेवा प्रवाह बाहेक अरु सेवा सन्तोषजनक देखिएन । यस बाहेक टोकन सिस्टम, अनलाइन सिस्टम, गुनासो व्यवस्थापन, वेबपेज र अपाङ्गमैत्री भवन लगायतको सेवा प्रवाहको स्थिति देखिएन ।
</td><td></td></tr>
<tr><td>१२.२</td><td></td><td></td><td>आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ४५० जनालाई रु. २३,८२,५०० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ।</td><td></td></tr>
<tr><td>१२.३</td><td></td><td></td><td>खाना तथा विविध खर्चः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ११,९४,००० खर्च गरेको छ । यसरी पालिकाले जम्मा आन्तरिक आय रु. २७,७३,४५७.२६ आम्दानी गरेकोमा जम्मा आम्दानीको ४३ प्रतिशत खाना तथा विविधतर्फ खर्च गरेको छ । अतः आन्तरिक आयको परिधिभित्र रही खाना तथा विविधतर्फ खर्च गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>कोभिड आय र व्यय</td><td></td></tr>
</table>

पालिकाले संघीय कोभिड कोषबाट रु. २,५६,००० र अन्य स्रोतबाट रु. ४७,२०,२८० गरी जम्मा आम्दानी रु. ४९,७६,२८० प्राप्त भएकोमा औषधी तथा स्वास्थ्य उपकरण खरिदमा रु. ५०,०००, खोप कार्यक्रममा खर्च रु. २,०६,००० र जोखिम भत्तामा रु. ४०,१२,२३८ खर्च भई रु. १,००० मौज्दात बाँकी रहेको छ । पालिकाको कोभिडतर्फको आय र व्यय निम्न बमोजिम छः

| **आम्दानी स्रोत** | **रकम रु.** | **खर्च शिर्षक** | **रकम रु.** |
|---|---|---|---|
| गत बर्षको बाँकी | 0 | राहत वितरण | 0 |
| स्थानीय तहको आफ्नै बजेटवाट | | क्वारेन्टाइन निर्माण तथा व्यवस्थापन | 0 |
| संघीय कोभिड कोषवाट | 256000 | औषधी एवं स्वास्थ्यउपकरण खरिद | 50000 |
| प्रदेश कोभिड कोषवाट | 0 | आइसोलेसन केन्द्र निर्माण | 0 |
| अन्य स्रोतबाट | 4720280 | खोप कार्यक्रम खर्च | 206000 |
| | | जोखिम भत्ता | 4012238 |
| | | अन्य खर्च | 0 |
| | | बाँकी | 1000 |
| **जम्मा** | **49,76,280** | **जम्मा** | **4267238** |

१४ **विपद् व्यवस्थापन कोष**

१४.१ **समिति गठनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ (२) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेकोरसमिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेकोपाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

१४.२ **विपद् व्यवस्थापन कोषः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा २३ (१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिए बमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको रु. ६,०६,५७३.३२ मौज्दात रहेकोमा रु. २०,००,००० आम्दानी भई रु. १७,७५० खर्च गरी रु. २५,८८,८२३.३२ मौज्दात बाँकी रहेको देखिन्छ । यस सम्बन्धी कार्यविधि बनाई कोषको प्रभावकारी प्रयोगमा ध्यान दिनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १४.३ | | | **कार्य योजनाः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ अनुसार स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद कार्यकारी र प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे र नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने र गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु र गराउनु पर्दछ । | |
| १४.४ | | | **वार्षिक प्रतिवेदनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १५ | | | **सार्वजनिक विद्यालय शैक्षिक गुणस्तरः**<br>पालिका अन्तर्गत संचालित माध्यमिक तह सम्मको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्यक्षेत्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्ने र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| १६ | | | **शिक्षक दरबन्दी र पदपुर्तिः**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६३ सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नाअनुसार रहेको छ। सवै बिद्यालयमा तोकिए अनुसार शिक्षक, बिद्यार्थी अनुपात मिलाउन आवश्यक कारबाही हुनुपर्दछ। | |
| १७ | | | **निजि विद्यालय व्यवस्थापनः** | |

| **विद्यालयको संख्या** | **शिक्षक दरबन्दी** | **पदपुर्ति** | **पदपुर्ति पदपुर्ति मध्ये करार** | **विद्यार्थी संख्या** | **प्रति शिक्षक बिद्यार्थी अनुपात** |
|---|---|---|---|---|---|
| ६३ | ३१२ | ३१२ | ७ | ९५८२ | १:३१ |

| | | | | |
|---|---|---|---|---|
| | | | यस पालिकामा ४ वटा निजी विद्यालय रहेका छन् । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन र अनुगमन प्रतिवेदन समेत सार्वजनिक गरेको छैन । | |
| १८ | | | **विद्यालयको अनुगमन नियमन व्यवस्थाः**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण,अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन ।जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण सिकाई कार्य प्रभावकारि रुपमा संचालन हुन नसक्ने देखिएकाले अनुगमन मापदण्ड तयार गरि विद्यालय अनुगमन कार्यलाई प्रभावकारि रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| १९ | | | **बिधालय निर्माण**<br>**बिद्यालय निमार्णः** राष्टिय योजना आयोगबाट स्वीकृत वार्षिक कार्यक्रम तथा विभागद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम कार्यालयले कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । त्यसरी नै आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा आर्थिक वर्षको अन्तसम्ममा काम सम्पन्न नभई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटीमा राख्न नहुने उल्लेख छ । कार्यालयले राष्टपति शैक्षिक कार्यक्रममा विभिन्न विद्यालयहरुको खातामा विभिन्न कार्यक्रम संचालनका लागि रु १६३०००००।०० निकासा गरेको र तत्कालै कतिपय कार्यक्रमको कार्यक्रम संचालन गर्न रोक्का समेत राखेको र हालसम्म पनि रोक्का अवस्थामा नै रहेको देखियो । यसरी वार्षिक कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न नगरी विल भरपाई कार्य सम्पन्न प्रतिवेदन वेगर बजेट कार्यक्रम खर्च लेख्ने व्यक्तिलाई जिम्मेवार बनाई कार्य सम्पन्न प्रतिबेदन पेश गर्नु पर्ने रू. | १६,३००,००० |

| सि न | बिद्यालयको नाम | कार्याक्रमको नाम | रकम |
|---|---|---|---|
| १ | ज्ञानेश्वर मा बि बिजयपुर | नुमुना बिधालय भौतिक निमार्ण | १००००००० |
| २ | भुमिराज आ बि टिकापुरु | बिदालय २ कोठे भभन निमार्ण | ९००००० |
| ३ | डाडाबाघ आ बि हिरापुर | बिदालय २ कोठे भभन निमार्ण | ९००००० |
| ४ | जनप्रिय आ बि काकस्याली | बिदालय २ कोठे भभन निमार्ण | ९००००० |
| ५ | बालजागृती आ बि रूपल्ली | बिदालय २ कोठे भभन निमार्ण | ९००००० |
| ६ | भुवनेश्वर आ बि लदौली | बिदालय २ कोठे भभन निमार्ण | ९००००० |
| ७ | बह्रम आ बि हता | बिदालय २ कोठे भभन निमार्ण | ९००००० |
| ८ | बाराघर आ बि साज | बिदालय २ कोठे भभन निमार्ण | ९००००० |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा १६३००००० | |
| २० | | | **सेनेटरी प्याड खरिदः** | |
| २०.१ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ ।त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ ।त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ ।पालिकाले बोलपत्र माध्यमबाट बि.जि.ग्रुप ट्रेड एण्ड सप्लायर्सबाट रु १०,९१,५८०.०(भ्याट सहित) को सेनेटरी प्याड खरिद गरेको पाईयो साथै असार महिनामा मात्र श्री कृष्ण मेडिकल हल सप्लार्यस,पाटनबाट ९८०० थान सेनेटरी प्याडको रु ५७५८४८.०(भ्याट सहित) र यु.डि. सर्जिकल्स,महेन्द्रनगरबाट १०१५३ थान सेनेटरी प्याडको रु ५,९८,९९९.५८(भ्याट सहित) गरी कुल रु ११,७४,८४७.५८(भ्याट सहित) को १९९५३ थान सेनिटरी प्याड खरिद गरेको पाईयो । कार्यालयले उल्लेखित व्यवस्था बमोजिम खरिद कार्य गर्नुपर्दछ । | |
| २०.२ | | | सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्यविधि,२०७६ को दफा ६ को उपदफा ४ र ५ बमोजिम छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड वितरण गरेको अभिलेख तथा बुझिलिएको भर्पाई राख्नुपर्ने व्यवस्था छ ।कार्यालयले आर्थिक वर्षको अन्तिम महिनामा B.G. Group Trade & Suppliers महेन्द्रनगरबाट सप्लायर्सबाट रु १०,९१,५८०.०(भ्याट सहित) स्यानेटरी प्याड खरिद गरेको ४२,००० थान, श्री कृष्ण मेडिकल हल सप्लार्यस,पाटनबाट ५,७५,८४८.०(भ्याट सहित) स्यानेटरी प्याड खरिद गरेको ९,८०० थान र यु.डि. सर्जिकल्स,महेन्द्रनगरबाट रु.५,९८,९९९.५८(भ्याट सहित) स्यानेटरी प्याड खरिद गरेको १०,१५३ थान गरि कुल रु.२२,६६,४२७.० बराबरको ६१,९५३ थान खरिद गरेको स्यानेटरी प्याड कुन कुन विद्यालयलाई कति परिमाणमा वितरण गरेको र छात्राहरुले बुझिलिएको भर्पाई पेश नभएकोले वितरण भर्पाई पेश हुनुपर्ने रु | २,२६६,४२७ |
| २०.३ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।स्थानीय तहले खरिद गरेको सेनिटरी प्याडको गुणस्तर सेनिटरी प्याड(वितरण तथा व्यवस्थापन)कार्यविधि,२०७६ को अनुसूचि १ बमोजिमको भए नभएको परीक्षण गरेको पाइएन । | |
| २१ | | | **विद्यालयलाई अनुदान बढी भुक्तानीः**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत छनौट भएका विद्यालयहरुलाई देहाय कार्यक्रम अन्तर्गत देहाय बमोजिमका विद्यालयलाई विज्ञान प्रयोशाला अनुदान र ICT Lab अनुदान बढी भुक्तानी भएकोले सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु | ६५०,००० |

| क्र.सं. | गो.भौ.नं/मिति | विद्यालयको नाम | शिर्षक/कार्यक्रम | निकासा हुनुपर्ने रकम | निकासा भएको रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | शशर्त पुँजिगत ४४/२०७९-०३-र शशर्त चालु ३८/२०७८-१०-१० | कैलास आ.वि. डैसेली | विज्ञान प्रयोशाला अनुदान | ६५००००.० | १०,४०,०००.० | ३,९०,०००.० |
| २ | शशर्त पुँजिगत २१/२०७९-०१-१६ र शशर्त चालु ११७/२०७९-०३-२५ र २०६/२०७९-०३-२५ | भुमिराज आ.वि. | **ICT Labअनुदान** | ६५००००.० | ९,१०,०००.० | २,६०,०००.० |
| जम्मा | | | | | | ६,५०,०००.० |

२२

**अनुगमन प्रतिवेदन नभएको**

कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७८/७९ क्रियाकलाप नं २.७.१३.१३ को ९.१ मा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत शिक्षा समितिको निणर्याथ तपशिल बमोजिमका छनौट भएका विद्यालयहरुलाई शिक्षण सिकाईमा ICT को प्रयोग (कम्प्युटर,इन्टरनेट,कनेक्टिभिटी इक्युपमेन्ट तथा Kits) खरिदका लागि अनुदान बापत प्रति विद्यालय ६,५०,०००.० का दरले, माध्यमिक विद्यालयमा विज्ञान प्रयोशाला अनुदान बापत प्रति विद्यालय ६,५०,०००.० का दरले र माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन(फर्निसिङ,किताब खरिद,तथा ई पुस्तकालय समेत)का लागि अनुदान बापत विद्यालयलाई रु ६,५०,०००.० का दरले प्रदान गर्ने व्यवस्था रहेको छ ।पालिकाले उक्त अनुदान प्रदान गरेपश्चात शिक्षण सिकाईमा ICT को प्रयोग गरे नगरेको र पुस्तकालय स्थापना तथा व्यवस्थापन सम्बन्धि विद्यालयमा भएको प्रगति बारे अनुगमन प्रतिवेदन नभएको हुँदा सो सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

| क्र.सं. | विद्यालयको नाम | शिर्षक/कार्यक्रम | निकासा रकम |
|---|---|---|---|
| १ | कैलास आ.वि. डैसेली | विज्ञान प्रयोशाला अनुदान | ६५००००.० |
| २ | कालिका आ.वि. सकार | विज्ञान प्रयोशाला अनुदान | ६५००००.० |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>३</td><td>बालकल्याण आ.वि. बोहरीगाँउ</td><td>पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td>४</td><td>भुमिराज आ.वि. बाटुलासौ</td><td>पुस्तकालय स्थापना तथा व्यवस्थापन अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td>५</td><td>नवदुर्गा आ.वि. कुडी</td><td>ICT Labस्थापना तथा व्यवस्थापन अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td>६</td><td>भुवनेश्वर आ.वि. भगौति</td><td>ICT Labस्थापना तथा व्यवस्थापन अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td>७</td><td>भृकुटी आ.वि. ठडकुडा</td><td>ICT Labस्थापना तथा व्यवस्थापन अनुदान</td><td>६५००००.०</td></tr>
<tr><td>८</td><td>सरस्वति मा.वि.</td><td>ICT Labस्थापना तथा व्यवस्थापन अनुदान(राष्ट्रपति शैक्षिक सुधार)</td><td>६५००००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५२,००,०००.०</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>२३</td>
<td></td>
<td></td>
<td>व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमः-<br>प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल को वुंदा नं. ४.१.४ अनुसार कृषि पकेट सञ्चालन गर्ने आधार उल्लेख गरेको जसको लागि आवश्यक मापदण्ड निर्धारण भएको तथा वुँदा नं. ४.१.१३ मा पकेट कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहले पटेकको प्रोफाइल तयार तथा अध्यावधिक गरि जिल्ला स्थित परियोजना कार्यान्वयन इकाइमा पेश गर्नुपर्ने व्यवस्था छ ।पालिकाले साना व्यवसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम अन्तर्गत आ.व. २०७८/७९ मा १३ वटा फर्म तथा कृषक समुहलाई रु २३,८०,०००/- बराबरको अनुदान प्रदान गरेको पाईयो।पालिकाले निर्देशिकाले तोकेको मापदण्ड अनुसार कृषक समुह योग्य भए नभएको तथा पालिकामा पकेट विकास कार्यक्रम अन्तर्गत संचालित क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन नगरेको पाईयो।खर्चमा मितव्ययिता,प्रभावकारिता लगायत पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा निरन्तर अनुगमन तथा मुल्याङ्कन गरी पृषठपोषण लिई सुधार गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२४</td>
<td></td>
<td></td>
<td>ओखर खेति विस्तार कार्यक्रमः<br>कार्यालयले आ.व. २०७८/७९ मा ओखर खेति विस्तार कार्यक्रम अन्तर्गत ३२ कृषि फर्म तथा ५ जना कृषकलाई ५० प्रतिशत ८५ प्रतिशत लागत साझेदारीमा रु १६३८०००.० को अनुदान प्रदान गरेको छ ।पालिकाले मापदण्ड अनुसार कृषक समुह योग्य भए नभएको तथा पालिकामा संचालित क्रियाकलापहरुको अनुगमन तथा मुल्याङ्कन गरेको यकिन हुन सकिएन।खर्चमा मित्वययिता प्रभावकारिता लगायत पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापनतर्फ कार्यालयको विशेय ध्यान पुर्याउनुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>२५</td>
<td></td>
<td></td>
<td>भ्रमण खर्च बढी भुक्तानी</td>
<td>२२,९००</td>
</tr>
</table>

भ्रमण खर्च नियमावलि,२०६४ को नियम ७ उपनियम १ मा पदाधिकारी वा कर्मचारीलाई सात दिनभन्दा बढी अवधिको लागि काज खटाउनुपर्ने भएमा भ्रमण आदेश गर्ने पदाधिकारीले कारण खोली पदाधिकारी वा कर्मचारीलाई काजमा खटाउन सक्ने र विभाग वा कार्यालयको कर्मचारीलाई सात दिनभन्दा बढी अवधिको लागि काजमा खटाउँदा एक तहमाथिको पदाधिकारीको स्वीकृति लिनुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहाय बमोजिमका विभिन्न कर्मचारीहरुलाई सात दिन भन्दा बढीको भ्रमण स्वीकृति एवं कारण नखुलाई भुक्तानी गरेकोले बढी भुक्तानी भएको असुल हुनुपर्ने रु

| क्र.सं. | भौ/मिति | नाम | भ्रमण अवधि | कार्यक्रम/प्रयोजन | भुक्तानी रकम | बढी रकम |
|---|---|---|---|---|---|---|
| १ | ७०/२०७८-१२-१४ | नरेश बहादुर चन्द (सि.अ.हे.व.) | ९ दिन | HPMSS फलो अप कार्यक्रम गोष्ठी | ९दिन*१६००=१४४०० | ४४००/(३२००+१२००) |
| | | | ८ दिन +०.२५ दिन | वृहत पोषण तालिम | ८ दिन +०.२५ दिन*१६००=१३२०० | ३२००/ |
| | | | ९ दिन +०.२५ दिन | वृहत पोषण तालिम | ९ दिन +०.२५ दिन *१६००=१४८०० | ४८००/ |
| २ | ७०/२०७८-१२-१४ | नरेन्द्र राज भट्टराई | ८ दिन +०.२५ दिन | CNSI तालिम | ८ दिन +०.२५ दिन *१२००=१३२०० | २४००/- |
| | | | | | ८ दिन +०.२५ दिन *१२००=१३२०० | २४००/- |
| | | | | | ८ दिन +०.२५ दिन *१२००=१३२०० | २४००/- |
| ३ | ७०/२०७८-१२-१४ | ईन्द्र सिंह विष्ट | ७ दिन +०.२५ दिन | HPMSS फलो अप कार्यक्रम गोष्ठी | ७ दिन +०.२५ दिन *१२००=१३२०० | १२००/- |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>४</td><td>७०/२०७८-१२-१४</td><td>जगदिश वि.क.</td><td>८ दिन</td><td>HPMSS फलो अप कार्यक्रम गोष्ठी</td><td>८दिन*१२००=१४४००</td><td>२१००/-</td></tr><tr><td>५</td><td>७०/२०७८-१२-१४</td><td>वीर बहादुर खाती (सि.अ.हे.व.)</td><td>८ दिन</td><td>HPMSS फलो अप कार्यक्रम गोष्ठी</td><td>८दिन*१६००=१२८००</td><td>२०००/-</td></tr><tr><td colspan="6">**जम्मा**</td><td>**२२९००/-**</td></tr></table> | |
| २६ | | | **कोभिड १९ जोखिम भत्ता:**<br>कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ८ मा बिरामीहरुको उपचारमा प्रत्यक्ष संलग्न जनशक्ति तथा संक्रमणको शंकास्पद तथा पुष्टि भएका बिरामीको नमूना संकलन गर्ने जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलब स्केलको शत प्रतिशत, अप्रत्यक्ष संलग्न र ईमेजिङ सेवा प्रदायक जनशक्तिलाई शुरु तलब स्केलको पचहत्तर प्रतिशत र हेल्थ डेस्कमा खटिएका जनशक्ति तथा प्रयोगशाला परिक्षणका लागि संकलन गरिएको नमूना प्याकेजिङ्ग तथा ओसारपसारमा संलग्न तथा आइसोलेसनमा राखिएका र संक्रमण पुष्टि भई उपचाररत बिरामीहरुको ओसारपसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्तिलाई दोहोरो नपर्ने गरी शुरु तलब स्केलको पचास प्रतिशत प्रदान गर्ने व्यवस्था छ ।कार्यालयले १ प्राथमिक स्वास्थ्य केन्द्र,१ आधारभुत स्वास्थ्य सेवा केन्द्र,५ नगर स्वास्थ्य केन्द्र,६ सुरक्षित प्रसुति केन्द्र र ८ स्वास्थ्य चौकीमा कार्यरत ९८ जना कर्मचारीहरुलाई २०७८ श्रावण र भाद्र महिनामा महामारी नियन्त्रणमा खटिए बापत शुरु तलब स्केलको शत प्रतिशत कुल रकम रु ४९,५४,२८०/- भुक्तानी गरेको पाईयो ।कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ विपरित खटिएका सबै कर्मचारीहरुलाई शुरु तलब स्केलको शत प्रतिशत रकम प्रदान गरेकोले नियमसम्मत मान्न नसकिएको रु | ४,९५४,२८० |
| २७ | | | **कोभिड १९ प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण:** | |
| २७.१ | | | कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि,२०७८ अनुसार कोभिड १९ को प्रभावबाट रोजगारी र आय आर्जनको अवसर गुमाएका अनौपचारिक तथा असङ्गठित क्षेत्रमा अतिविपन्न परिवारको तत्कालको न्यूनतम आधारभूत आवश्यकता पूरा गर्न नगद राहत उपलब्ध गराउने सरकारको उदेश्य रहेको छ ।कार्यालयले नगरकार्यपालिकाको मिति २०७९ असाढ २२ गतेको निर्णयानुसार १० वटै वडाहरुले छनौट गरी पठाएका ५२९ परिवार संख्या सिफारिस भई आएकोले महालक्ष्मी विकास बैंक पाटन शाखा र ग्लोबल आई.एम.ई. बैंक खोड्पे शाखामा सम्बन्धितको खातामा जम्मा गर्ने निर्णय गरेको पाईयो ।कार्यालयले कार्यविधि अनुसार कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार संख्या भनि ५२९ परिवार संख्यालाई १०,०००/- को दरले कुल रु ५२,९०,०००/- बैंक खातामा भुक्तानी गरेको पाईयो ।कार्यविधिले निर्दिष्ट गरे अनुसार कोभिड प्रभावित अति विपन्न भए नभएको, एकै परिवारमा नगद लाभग्राही दोहोरो भए नभएको अनुगमन तथा यकिन गरेर मात्र नगद हस्तान्तरण गर्नुपर्दछ । | |

२७.२

**बैंक खाता नभई निकासा भएकोः**

कार्यालयले कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण अन्तर्गत ५२९ परिवार संख्यालाई बैंक खातामा नगद वितरण गरेको मध्ये देहाय बमोजिमका वडाका लाभग्राहीको बैंक खाता नभई नगद निकासा गरेको देखिएकाले सम्बन्धित लाभग्राहीले नगद प्राप्त गरे नगरेको यकिन हुन नसकेकोले प्रमाण पेश गर्नुपर्ने रु

| **क्र.सं** | **वार्ड नं** | **छनौट भएको लाभग्राहिको नाम** | **रकरकम** | **कैफियत** |
|---|---|---|---|---|
| १ | १ | मोहन दमाई | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| २ | ६ | पुष्पलाल घर्तीमगर | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| ३ | ७ | गिता दमाई | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| ४ | | सुकुरे पाकी | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| ५ | | पवित्रा ठगुन्ना | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| ६ | | गोमती ठगुन्ना | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| ७ | | मुकेश दमाई | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| ८ | | सिता दमाई | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| ९ | | मान सिह ठगुन्ना | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| १० | | जनक सिह ठगुन्ना | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| ११ | | दिपक राम दमाई | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| १२ | ८ | विष्ना ऐर | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| १३ | | अनिल कुमार महरा | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| १४ | | गोपाल अवस्थी | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| १५ | | लक्ष्मण सिह ऐर | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| १६ | | बेलु लुहार | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |

१८०,०००

| | | | | |
|---|---|---|---|---|
| १७ | | सुरेश महरा | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| १८ | | मनोज महरा | १००००/- | बैंक खाता नभई भुक्तानी भएको |
| **जम्मा** | | | **१८००००/-** | |

२८

**प्रधान्मन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला,मन्दिर मर्मत, सरसफाई, चौतारा निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ७३१ जनालाई रोजगारी उपलव्ध गराई रु. १८६२६५६१.२८ खर्च गरेको छ । लक्षित वर्गलाई औषत ५१.०९ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन।

२९

**अनुत्पादक संस्थालाई अनुदान**

सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक संस्थामा रु. ७,९०,१४६ खर्च गरेको छ ।

| **सि.नं.** | **भुक्तानी पाउने संस्थाको नाम** | **प्रयोजन** | **रकम रु.** |
|---|---|---|---|
| १ | पाटन क्रिकेट क्लब | खेल कार्यक्रम | १०६५०० |
| २ | सहस्त्रलिङ्ग सामुदायिक संस्था | लैङ्गिक हिंसा तथा रोकथाम कार्यक्रम | ५८६४६ |
| ३ | सहभागी महिला बचत सहकारी संस्था | आय आर्जनका लागि अनुदान | ६२५००० |
| **जम्मा** | | | ७९०१४६ |

यस प्रकारको खर्चले पूँजी निर्माणमा योगदान दिन सक्दैंनन् । अनुत्पादक क्षेत्रतर्फकव खर्च नियन्त्रण हुनु पर्दछ ।

<table>
<tr><td>३०</td><td></td><td></td><td>चालुतर्फ</td><td></td></tr>
<tr><td>३०.१</td><td></td><td></td><td>भुक्तानी दिन बाँकीको विवरणःआर्थिक तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको विवरण म.ले.प.फा.नं.२२१ प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७७।०७८ को भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगरी रु. २,७०,४०० यस वर्ष भुक्तानी गरेको छ । यसरी उक्त भुक्तानी दिन बाँकीको विवरण अनियमित देखिएको रु.
<table>
<tr><th>सि.नं.</th><th>भौ.नं.र मिति</th><th>भुक्तानी लिनेको नाम</th><th>कार्यक्रम</th><th>रकम रु.</th></tr>
<tr><td>१</td><td>७।०७८।६।२३</td><td>स्वास्थ्य संस्था १० वटा</td><td>स्वास्थ्य संस्थालाई अनुदान</td><td>२००,०००</td></tr>
<tr><td>२</td><td>१८४।०७८।१२।२१</td><td>पदमराज भट्टराई</td><td>सामाजिक परिचालकको छुट तलब</td><td>७०४००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२७०४००</td></tr>
</table></td><td>२७०,४००</td></tr>
<tr><td>३०.२</td><td></td><td></td><td>घर भाडाः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ (१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्लाप्रशासन कार्यालय जिल्लाविकास समिति र को.ले.नि.का. को सूचनापाटीमा कम्तिमा ७ दिनको अवधिको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नु पर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले बिभिन्न वडाकार्यालय लगायत अन्य कार्यका लागि घरभाडा बापत रु.४,३४,०६९।भुक्तानी गरेको देखियो । घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.३</td><td></td><td></td><td>बील भरपाई पेश गर्नुपर्नेः प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (३) अनुसार खर्च गर्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । पालिकाका प्रतिभा कुमारी सार्कीले दलित लक्षित कार्यक्रमको लागि रु. ५,००,००० को पेश्की फर्छ्यौट गर्दा भौचर संलग्न मात्र रु. ४,७८,४०० को बील भरपाई पेश गरेकोले नपुग बील भरपाई रु. २१६०० को प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.</td><td>२१,६००</td></tr>
<tr><td>३०.४</td><td></td><td></td><td>दैबी प्रकोप राहत वितरणः पालिकाले विभिन्न वडाका लागि दैबी प्रकोप व्यवस्थापन, राहत तथा पुनर्स्थापनाका लागि कार्यविधि बेगर रु. ३१,७८,७१९ भरपाई गरी खर्च गरेको पाइयो । उक्त नगद भरपाईको लाभग्राहीको छनौटको आधार, मापदण्ड तथा वास्तविक लाभग्राहीले पाएको राहत स्पष्ट आधार सहित राहत वितरण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.५</td><td></td><td></td><td>लागत अनुमान नभएकोः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (१) बमोजिम रु. १ लाख भन्दा माथिको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।कार्यालयले देहाय बमोजिम खरिद गरे बापत रु. ६,९८,८९० भुक्तानी गरेकोमा सोको लागत अनुमान तयार पारेको छैन् । तसर्थ, लागत अनुमान तयार नगरेकोले त्यति लागत पर्ने हो होइन यकिन हुन सकिएन ।</td><td></td></tr>
</table>

| क्र.सं. | भौ.नं.र मिति | विवरण | भुक्तानी रकम रु. |
|---|---|---|---|
| १ | १३१।०७८।१२।१<br>६२।०७८।१२।१ (पूँजीगत) | वडाको कार्यक्रमको लागि भिडियोग्राफी बृतचित्र उत्पादन (Jeet Media Entertainment को २९ मिनेटको भिडियो) | ३९८८९० |
| २ | २१२।०७९।१।२७ | भिडियो डकुमेन्ट्री प्रशारण, बृतचित्र र दृश्य सामाग्री उत्पादन (जनज्योती मिडिया नेटवर्क प्रा.लि.) | ३००००० |
| जम्मा | | | ६९८८९० |

३०.६ **प्रतिवेदन खर्चः** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७.१.१५ को बुँदा नं. १५ बमोजिम प्रतिवेदन तयार गर्दा १ दिन कार्यक्रममा रु. १००० तथा १ दिन भन्दा बढीको भए रु. ५०० थप गरी जम्मा रु. १५०० भुक्तानी दिन सकिने व्यवस्था छ । तर पालिकाका देहाय बमोजिम रु. ५००० सम्म प्रतिवेदन लेखन बापत भुक्तानी दिएकोले जम्मा कर कट्टि पछि बढी भुक्तानी रु. ६५०० असूल गरी दाखिला गर्नुपर्ने रु. ६,५००

| क्र.सं. | भौ.नं.र मिति | विवरण | कर कट्टि पछि बढी भुक्तानी असूल गर्नुपर्ने रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३१६।०७९।३।२५ | विर सिंह महता<br>(रु.५००० प्रतिवेदन बापत प्राप्त) | ३२५० | बालबालिका क्षमता विकास कार्यक्रम |
| २ | ३१६।०७९।३।२५ | विर सिंह महता<br>(रु.५००० प्रतिवेदन बापत प्राप्त) | ३२५० | युवा नेतृत्व क्षमता विकास कार्यक्रम |
| जम्मा | | | ६५०० | |

३०.७ **संयोजक भत्ताः** अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७.१.१५ को बुँदा नं. १५ बमोजिम तालीम तथा कार्यक्रम संयोजक भत्ता एक कार्यक्रमको लागि रु. ४०० को दरले मात्र पाउने व्यवस्था छ । तर पालिकाका देहाय बमोजिम रु. ५००० सम्म संयोजक भत्ता बापत भुक्तानी दिएकोले जम्मा कर कट्टि पछि बढी भुक्तानी रु. ७७०० असूल गरी दाखिला गर्नुपर्ने रु. ७,७००

| क्र.सं. | भौ.नं.र मिति | विवरण | कर कट्टि पछि बढी भुक्तानी असूल गर्नुपर्ने रु. | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | ३१६।०७९।३।२५ | विर सिंह महता<br>(रु.५००० संयोजक भत्ता बापत प्राप्त) | ३८५० | एकल महिला, दलित महिला, अपाङ्ग तथा विविध कार्यक्रम |
| २ | ३१६।०७९।३।२५ | विर सिंह महता<br>(रु.५००० संयोजक भत्ता बापत प्राप्त) | ३८५० | युवा नेतृत्व क्षमता विकास कार्यक्रम |
| जम्मा | | | ७७०० | |

३०.८

**प्रशिक्षक भत्ताः** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को ७.१.१५ को ४ (क) बमोजिम अधिकृतस्तरको तालिममा बाह्य प्रशिक्षकलाई प्रति सेसन बाचन बापत भत्ता रु. १४००। तथा कार्यपत्र बापत रु. २००० को दरले थप भत्ता तथा सहायकस्तरको तालिमको लागि प्रशिक्षकलाई बाचन बापत रु. ७०० तथा कार्यपत्र बापत रु. ८०० थप भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यपत्र बेगर प्रति सेसन बाह्य अधिकृतस्तर प्रशिक्षकलाई रु. ८००० तथा सहायकस्तरको प्रशिक्षकलाई रु. २००० तथा १५०० को दरले देहाय बमोजिम भुक्तानी गरेको पाइयो । निर्देशिका विपरीत तालीमका लागि भुक्तानी भएको बढी रकम रु. १,०९,४८० सम्बन्धित प्रशिक्षकबाट असुल हुनुपर्ने रु.

१०९,४८०

| क्र.सं. | प्रशिक्षक | सेसन/कक्षा | कर कट्टी गरि भुक्तानी दिनुपर्ने रु. | कर कट्टी गरि भुक्तानी भएको रु. | असूल गर्नुपर्ने रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | काशीराज दाहाल | १० | ११९०० | ६८००० | ५६१०० | न्यायिक समिति अभिमुखीकरण |
| २ | डा. देव बोहरा | ४ | ४७६० | २७२०० | २२४४० | |
| ३ | लोकेन्द्र प्रसाद पन्त | २ | १८७० | ३४०० | १५३० | युवाहरुको नेतृत्व क्षमता सम्बन्धी तालीम |
| ४ | मदन राज भट्ट | ४ | ३७४० | ६८०० | ३०६० | |
| ५ | अस्मिता नेगी | २ | १८७० | ३४०० | १५३० | महिला स्वा.स्वयंसेविकाको पुनर्ताजगी तालिम |
| ६ | प्रेम सागर भट्ट | २ | १८७० | ३४०० | १५३० | |
| ७ | पुष्पा महर | २ | १८७० | ३४०० | १५३० | |
| ८ | दिपक प्रसाद पन्त | २ | ११९० | २५५० | १३६० | पाठ्यक्रम सम्बन्धी तालीम |
| ९ | विर्खराज भट्ट | २ | ११९० | २५५० | १३६० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | गगन सिंह भण्डारी | २ | ११९० | २५५० | १३६० | दलित लक्षित अन्तर्गत विभिन्न कार्यक्रममा प्रशिक्षण भत्ता |
| ११ | प्रकाश वि.क. | १० | ५९५० | १२७५० | ६८०० | |
| १२ | सरस्वती कोली | १० | ५९५० | १२७५० | ६८०० | |
| १३ | उत्तम भण्डारी | ४ | २३८० | ५१०० | २७२० | |
| १४ | जयराज भट्ट | २ | ११९० | २५५० | १३६० | |
| जम्मा | | | | | १०९४८० | |

३०.९ **प्रमाण कागजात बेगर भुक्तानीः** सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित प्रमाण बेगर भुक्तानी दिएको देखियो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ ।

| सि.नं. | भौ.नं.र मिति | नाम | विवरण | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ९६।०७८।११।१४ | रामदत्त जोशी | सनातन धर्म संस्कृति जगेर्ना तथा सम्मान कार्यक्रम | १००,००० | कार्यक्रमको नर्मस र प्रतिवेदन पेश गरेको पाइएन । |
| २ | १२८।०७८।१२।१ | बिरा बहुउद्देश्यीय कृषि पशुपन्छी तथा माहुरी फर्म | मौरी पालन तथा अन्य कार्यक्रम | १५०००० | कार्यक्रमको सम्झौता पेश भएको पाइएन । |
| ३ | १३०।०७८।१२।१ | प्रेम सागर भट्ट | आयुर्वेदिक स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम | ३००००० | कार्यक्रमको नर्मस र प्रतिवेदन पेश भएको पाइएन । |
| ४ | ३०९।०७९।३।२५ | शरद भट्टको पे.फ. | बालबालिका, जेष्ठ नागरिक, महिला तथा अपाङ्ग कार्यक्रम | ११५००० | कार्यक्रमको नर्मस पेश भएको पाइएन । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | २७२।०७९।३।२० | महेन्द्र बहादुर बोहराको पे.फ. | पोषण सुधार कार्यक्रम | १००००० | कार्यक्रमको नर्मस पेश भएको पाइएन । |
| ६ | ३२५।०७९।३।३० | दिपक प्रसाद पन्तको पे.फ. | जनप्रतिनिधि, पत्राकार र जनसंवाद कार्यक्रम | १००००० | कार्यक्रमको नर्मस पेश भएको पाइएन । |
| ७ | ३१६।०७९।३।२५ | विर सिंह महताको पे.फ. | गरिब एकल महिला, जेष्ठ नागरिक, दलित महिला विविध कार्यक्रम | २५०००० | कार्यक्रमको नर्मस पेश भएको पाइएन । |
| ८ | ३१६।०७९।३।२५ | विर सिंह महताको पे.फ. | महिला स्वयं सेविकाहरुसंग अन्तर्क्रिया कार्यक्रम | १००००० | कार्यक्रमको नर्मस पेश भएको पाइएन । |
| ९ | ३१६।०७९।३।२५ | विर सिंह महताको पे.फ. | बालबालिका नेतृत्व क्षमता विकास कार्यक्रम | ९४४२५ | कार्यक्रमको नर्मस पेश भएको पाइएन । |
| १० | ३१६।०७९।३।२५ | विर सिंह महताको पे.फ. | युवा नेतृत्व क्षमता विकास कार्यक्रम | १००००० | कार्यक्रमको नर्मस पेश भएको पाइएन । |

| | | | | |
|---|---|---|---|---|
| ३०.१० | | | **प्रमाण पेश गर्नुपर्ने:** भ्रमण खर्च नियमावली, २०६४ को नियम ६ (१) मा पदाधिकारी वा कर्मचारीले काजमा वा भ्रमणमा जाँदा आफूले यात्रा गर्दा खरिद गरेको टिकट र बोर्डिङ्ग पास पेश गरेमा सोधभर्ना पाउने व्यवस्था छ । पालिकाले देहाय बमोजिम टिकट र बोर्डिङ्ग पास बेगर रु. ३७,२१५ भुक्तानी गरेको हुनाले बोर्डिङ्ग पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु. | ३७,२१५ |

| **क्र.सं.** | **भौ.नं.र मिति** | **नाम** | **विवरण** | **खर्च रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | ८३।०७८।१०।१० | सरस्वती कोली | काठमाण्डौ देखि धनगढी (०७८।९।५) | ५८०० | बोर्डिङ्ग संलग्न नरहेको । |
| २ | ९८।०७८।११।१४ | केशव बहादुर चन्द | धनगढी देखि काठमाण्डौ (०७८।७।२) | १०४५० | बोर्डिङ्ग संलग्न नरहेको । |
| ३ | ९८।०७८।११।१४ | केशव बहादुर चन्द | काठमाण्डौ देखि धनगढी (०७८।७।६) | ५००० | बोर्डिङ्ग संलग्न नरहेको । |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>३२६।०७९।३।३०</td><td>काशीराज दाहाल</td><td>काठमाण्डौ देखि धनगढी (०७९।३।८)</td><td>१५९६५</td><td>बोर्डिङ्ग संलग्न नरहेको ।</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३७२१५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०.११</td><td></td><td></td><td>भ्रमण भत्ताः भौ.नं. १४२।०७८।१२।९, भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ (४) बमोजिम दैनिक भ्रमणमा गएको कर्मचारीले फर्किदाको दिनको २५ प्रतिशतमा भुक्तानी पाउने व्यवस्था छ । यसरी पालिकाबाट बलदेव राम लुहारको दैनिक भ्रमण भत्ता बापत मिति २०७८।११।२० देखि २०७८।११।२६ सम्म अन्तिम दिनको १२०० को २५ प्रतिशत मात्र पाउनेमा ९०० बढी भुक्तानी तथा मिति २०७८।१०।२० देखि २०७८।१०।२६ सम्म अन्तिम दिन १२०० को २५ प्रतिशत मात्र पाउनेमा ९०० बढी भुक्तानी गरी जम्मा १८०० बढी भुक्तानी असूल गरी दाखिला गर्नुपर्ने रु.</td><td>१,८००</td></tr>
<tr><td>३०.१२</td><td></td><td></td><td>घटि करकट्टिः आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम बीलको भुक्तानीमा अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । देहायका भुक्तानीमा भ्याटमा दर्ता नभएका तथा रु. २० हजार भन्दा बढी कारोवारमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतको दरले कर कट्टि गरेकोले उक्त घट्टि कर रकम असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>गो.भौ.नं.मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>कर कट्टि गर्नुपर्ने</th><th>कट्टि भएको</th><th>घट्टि कर असूल हुनुपर्ने रु.</th></tr>
<tr><td>१</td><td>१८६।०७८।१२।२१</td><td>रेडियो सेभेन स्टार</td><td>५००००</td><td>७५००</td><td>७५०</td><td>६७५०</td></tr>
<tr><td>२</td><td>१९४।०७९।१।११</td><td>रेडियो बैतडी ९५.४ मेगाहर्ज</td><td>११००००</td><td>१६५००</td><td>१६५०</td><td>१४८५०</td></tr>
<tr><td>३</td><td>१९६।०७८।१।१४</td><td>रेडियो सेभेन स्टार</td><td>३००००</td><td>४५००</td><td>४५०</td><td>४०५०</td></tr>
<tr><td>४</td><td>२३९।०७९।३।५</td><td>रेडियो सनसेर एफ.एम.</td><td>५००००</td><td>७५००</td><td>७५०</td><td>६७५०</td></tr>
<tr><td>५</td><td>३०४।०७९।३।२४</td><td>रेडियो सेभेन स्टार</td><td>१०००००</td><td>१५०००</td><td>१५००</td><td>१३५००</td></tr>
<tr><td>६</td><td>२६४।०७९।३।१७</td><td>रेडियो सुदूर आवाज</td><td>१०००००</td><td>१५०००</td><td>१५००</td><td>१३५००</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>५९४००</td></tr>
</table>
</td><td>५९,४००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>कृषि कार्यक्रमतर्फ</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३१.१ | ३६ | २०७८-८-११ | दलित उद्यम विकास कार्यक्रम अन्तर्गत रु. ४,८०,३२० पालिकाबाट खर्च लेखिएकोमा २० वटा बाखा, १५ वटा सिलाई मेसिन तथा अन्य सामाग्री वितरण तथा कार्यक्रमको लागि खरिद तथा वितरणको लागि लागत अनुमान यकीन नभएको, बाखाको गुणस्तर नभएको, बाखा तथा सिलाई मेसिन वितरणको आधार नभएको, कार्यक्रमको नर्मस र अनुगमन नभएकोले खर्चको उपयोगिता सम्बन्धमा सुनिश्चितता छ भन्न सकिएन । | |
| ३१.२ | २२७ | २०७९-२-२६ | बेमौसमी तरकारी खेतीको लागि निःशुल्क प्लाष्टिकको टनेल वितरण कार्यक्रममा पालिकाबाट रु. २,७१,९३२ भुक्तानी भएकोमा ३७ वटा प्लाष्टिकको टनेल खरिद गरी वितरण गरिएको उक्त कार्यक्रमको लागत अनुमान, वितरणको आधार तथा पालिकाबाट अनुगमन नभएकोले प्रभावकारी मान्न सकिएन । | |
| ३१.३ | ५४ | २०७८-८-२७ | कृषि यान्त्रिकरण कार्यक्रमको लागि ५०।५० अनुदानमा २६ जनालाई १।१ को दरले मिनिटेलर बिभिन्न व्यक्ति तथा संस्थालाई सम्झौता गरी व्यक्ति तथा संस्थाबाट नै खरिद गरी वितरण गरिएको उक्त कार्यक्रमा रु. १३,५०,००० खर्च लेखिएको उक्त कार्यक्रमको व्यक्ति तथा संस्था छनौटको आधार, खरिदको विधि, मिनिटेलर वितरणको आधार, वितरणपछि अनुगमन समेत नभएकोले उक्त कार्यक्रम प्रभावकारी र पारदर्शी मान्न सकिएन। | |
| ३१.४ | २८ | २०७८-८-१ | पोषण सुधार कार्यक्रमको लागि महिला कृषकहरुलाई पोषिलो तरकारी बिउ वितरणमा पालिकाबाट रु. २९८००० खर्च लेखिएको उक्त कार्यक्रमको कृषक तथा कृषक समूह छनौटको आधार, विउ वितरणको आधार, वितरणपछि अनुगमन, कार्यक्रमको प्रभावकारीता समेत नभएको उक्त कार्यक्रमको खर्चको उपयोगिता राम्रोसँ भएको छ भन्न सकिएन। | |
| ३२ | | | **भ्रमण खर्च** | |
| ३२.१ | | | भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ मा खर्चको बील भरपाई सहित दैनिक भ्रमण भत्ता पाउनेले भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाका बिभिन्न कर्मचारीले बिभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण बील अनुसार बजेट खर्च लेखेको रु. ७,२३,५६४ को भ्रमण प्रतिवेदन राखेको छैन् । तसर्थ, नियमावलीमा भएको व्यवस्थालाई पालना गर्नु पर्दछ । | |
| ३२.२ | | | सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः<br>· अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको,<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,<br>· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

३३ **असूल गर्ने बाँकी आन्तरिक आय**

३३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तिय अधिकार क्षेत्र अन्तर्गत बिभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असूल गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहाय अनुसार ठेकेदारबाट १० प्रतिशत जरिबाना सहित रु. १ लाख ६६ हजार असूल गर्ने बाँकी देखिएको रु.

१६६,१००

| **सि.नं.** | **ठेकेदारको नाम** | **आय ठेक्काको नाम** | **सम्झौता रकम रु.** | **दाखिला रकम रु.** | **असूल गर्न बाँकी रकम रु. (जरिबाना सहित)** |
|---|---|---|---|---|---|
| १ | गणेश सिंह महरा | अनारखोलीमा निकासी पैठारी कर सङ्कलन | २,०१,००० | ५०,००० | १,६६,१०० |

३३.२ **निकासी पैठारीको विवरण पेश नभएको:** अनारखोलीमा निकासी पैठारीको कर सङ्कलनको लागि गणेश सिंह महरासँग रु. २,०१,००० को ठेक्का सम्झौता भएकोमा ठेकेदारले पाक्षिक (१५/१५ दिनमा) रुपमा निकासी पैठारीको कर सङ्कलन परीमाणको लिखित जानकारी नगर कार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेमा सो गरेको छैन । सम्झौता अवधि २०७९ आषाढ मसान्तसम्म रहेकोमा सो को मिति पश्चात समेत निकासी पैठारीको कर सङ्कलन भइरहेको छ भने सम्झौता बमोजिम तोकिएको निकासी पैठारीको कर सङ्कलन गर्नुपर्नेमा के कति कर सङ्कलन भएको हो सो को विवरण कार्यलयमा अद्यावधिक नभएकोले सम्झैता अनुसारको कर सङ्कलन भए नभएको एकीन गर्न सकिएन । कार्यालयले यसतर्फ ध्यान दिनु पर्दछ ।

३४ **राजश्व दाखिला**

५४,७४८

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यबिधि ऐन, २०७४ को दफा २४(३) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलीपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुका कार्यालय वा विभागीय प्रमुखले ७ दिनसम्म ढिलो गरेको भए १० प्रतिशत जरिबाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिबाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलति कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्नेछ। कार्यालय अन्तर्गत १० वटा वडा कार्यालयबाट दैनिक असूल भएको व्यवसाय रजिष्ट्रेशन दस्तुर, मृत्युदर्ता सिफारिस दस्तुर, नाता प्रमाणित अन्य सेवा दिएकोमा सो बापतको आय वडागत रुपमा असूल भएकोमा विवरण देखाएको छ। कार्यालयबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला गरेको छैन् । यसरी ढिला गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले अन्य वडाहरुको कार्यालयले नै यकिन गर्ने र नमूना वडाका निम्न बमोजिम वडा नं. ३, ६ र ८ को जरिवाना रकम असूल गर्नुपर्ने रु.

| क.सं. | वडा नं. | राजश्व सङ्कलन अवधि | राजश्व रकम रु. | राजश्व दाखिला मिति | ढिला अवधि | जरिबाना रकम रु. |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | ८ | ०७८ श्रावण | १५५६९.७२ | ०७८।६।५ | ७ दिन भन्दा बढीको १० % ले जरिबाना | १५५७ |
| २ | ८ | ०७८ भाद्र र असोज | १२०५० | ०७९।३।३० | ७ दिन भन्दा बढीको १० % ले जरिबाना | १२०५ |
| ३ | ८ | ०७८ कार्तिक, मंसिर र पौष | १४८५० | ०७८।११।१५ | ७ दिन भन्दा बढीको १० % ले जरिबाना | १४८५ |
| ४ | ८ | ०७८ माघ र फागुन | ४१२०० | ०७९।३।३० | ७ दिन भन्दा बढीको १० % ले जरिबाना | ४१२० |
| ५ | ८ | ०७८ चैत्र ०७९ बैशाख, जेठ र आषाढ | १५९३९१ | ०७९।३।३० | ७ दिन भन्दा बढीको १० % ले जरिबाना | १५९३९ |
| ६ | ६ | ०७८।४।१ देखि ०७९।३।३० सम्मको | २३५२९९ | ०७९।३।३० (१५०७७), ०७९।३।२० (३५६००), ०७९।३।२७ (१७५६२२) र ०७९।२।१८ (९०००) | ७ दिन भन्दा बढीको १० % ले जरिबाना | २३५३० |
| ७ | ३ | ०७८।४।१ देखि ०७९।३।३० सम्मको | ६९१२१ | ०७९।३।३० | ७ दिन भन्दा बढीको १० % ले जरिबाना | ६९१२ |
| जम्मा | | | | | | ५४,७४८ |

| | | | | |
|---|---|---|---|---|
| ३५ | | | **ठेक्का व्यवस्थापन** | |

<table>
<tr><td>३५.१</td><td></td><td></td><td>नापी किताव: निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्युटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस नगरपालिका कार्यालयद्रारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बर्ष कार्य सम्पन्न भएको आधार भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आ.वा. का नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राखु पर्ने देखिन्छ । केही उदाहरण निम्न छन ।
<table>
<tr><th>भौचर न</th><th>योजनाको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४३।२०७९।३।१७</td><td>बगाडी गाड झो.पु.उ .स.</td><td>३९९२९६</td></tr>
<tr><td>२९।२०७९।२।१३</td><td>मास्तामाण्डौ झो.पु .उ .स.</td><td>१०७३६४६</td></tr>
</table></td><td></td></tr>
<tr><td>३५.२</td><td></td><td></td><td>भेरिएशन आदेश बेगरको भुक्तानी: सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८को १ मा खरिद सम्झौता गर्दाको बखत पूवानुमान गर्न नसकीएको परिस्थीती सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएशन आदेश जारि गर्नु पर्ने भएमा नियमावलीको प्रक्रिया पुरा गरी जारी गर्नु पर्ने व्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९मा भेरिएशन आदेश स्वीकृती बेगरभेरिएशन वापतको रकमभनी भुक्तानी दएको देखिन्छ । अत नियमावलीको प्रकृया बेगर भुक्तानी दिएको रकम नियम संगत हो भन्न सकिएन ।केही उदाहरण निम्न छन ।
<table>
<tr><th>गो भौ न</th><th>योजनाको नाम</th><th>पार्टीको नाम</th><th>मुल्याङकन रकम</th><th>भेरिएशन रकम</th></tr>
<tr><td>५२।२०७९।३।२५</td><td>रूइसेनी लिफ्ट खा पा योजना</td><td>कस्मीक सोलुशन प्रा लि</td><td>६०८२३८३</td><td>१८२३९६</td></tr>
<tr><td>९०।२०७८।१२।२१</td><td>कुल खेत सिचाई योजना</td><td>इन्द्र निर्माण सेवा</td><td>४०१४५६४</td><td>२६४१६१</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४४६५५७</td></tr>
</table></td><td>४४६,५५७</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>खर्च पुष्टयाई आधार नभएको</td><td>१,६०८,६७७</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>खर्च पुष्टयाई गर्न प्रमाणनभएकोः आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली,२०७७को नियम ३९(५) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ ।यस कार्यालयले निम्न कार्यको रकम भुक्तानी गर्दा उक्त खर्च प्रमाणित गर्ने कागजात संलग्न राखेको देखिएन । अत नगरपालिका कार्यालयले खर्च प्रमाणित गर्ने कागजात प्रमाण पेश गर्नु पर्ने देखिएको रू
<table>
<tr><td>भौचर न</td><td>कामको ब्यहोरा</td><td>भुक्तानी रकम</td><td>कैफिएत</td></tr>
<tr><td>५८।२०७९।३।२५</td><td>उदयदेव मन्दिर संरक्षण</td><td>९६००००</td><td>बिल भरपाई नभएको</td></tr>
<tr><td>२२।२०७९।२।९</td><td>सुधारिएको चुलो खरिद ४० थान</td><td>१४८९३८</td><td>बितरण भरपाई नभएको</td></tr>
<tr><td>१४७।२०७९।१।१६</td><td>पाईप खरिद योजना वडा न ७</td><td>४९९७३९</td><td>जडान र बितरणको भरपाई नभएको</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७</td><td></td><td></td><td>नगरपालिका पूँजीगत</td><td></td></tr>
<tr><td>३७.१</td><td>१२०</td><td>२०७८-१२-३०</td><td>ठे.न 03/PMO/2076/77 देहीमान्डौं बसन्तपुर सडक निर्माण योजना कार्यका लागि निर्माण व्यवसायी श्री श्रीराम निर्माण सेवासँग रु. ४५,०२,८३७।४० मा सम्झौता भएकोमा प्रथम रनिङ्ग बीलबाट रकम रु. १७,९१,१०५।६३, दोस्रो रनिङ्ग बीलबाट रु. १८,०३,७०५।९९ र तेस्रो तथा अन्तिम रनिङ्ग बीलबाट रकम रु. ९,८६,९७८।३४ गरी जम्मा रु. ४५,८१,७९०।९६ भुक्तानी भएकोले उक्त निर्माण कार्यको सम्झौता भन्दा बढी भुक्तानी भएको रु. ७८,९५३।५६ सम्बन्धित निर्माण व्यवसायीबाट असूल गरी दाखिला गर्नुपर्ने रु.</td><td>७८,९५३</td></tr>
<tr><td>३७.२</td><td>१८१</td><td>२०७९-३-५</td><td>ठे.नं. 08/H-02/PMO/NCB/2077/78 (खोड्पे ट्रमा सेन्टर निर्माण ), खोड्पे ट्रमा सेन्टर (सिद्देश्वर स्वास्थ्य चौकी निर्माणको लागि अर्चना निर्माण सेवासँग सम्झौता रकम रु. २२,३१,४४४।०३ रहेकोमा प्रथम रनिङ्ग बीलबाट रु. २०,०४,७३१।३५ र दोस्रो तथा अन्तिम रनिङग बीलबाट रु. ३,०६,२७३।४५ गरी कूल भुक्तानी रु. २३,११,००४।८० भएकोले उक्त निर्माण कार्यको सम्झौता भन्दा बढी भुक्तानी भएको रु. ७९,५६०।७७ सम्बन्धित निर्माण व्यवसायीबाट असूल गरी दाखिला हुनुपर्ने रु.</td><td>७९,५६१</td></tr>
<tr><td>३७.३</td><td></td><td></td><td>लागत अनुमान भन्दा बढी रकमको सम्झौताः ठे. नं . 02/s-01/pmo/ncb/2077.78 बाट गुजर मा वि ४ कोठे भवन निर्माण कार्यको लागि स्विकृत लागत अनुमान रकम रु. ४१,३५,८२१.९७ (मु अ कर समेत) रहेकोमा सो कार्यको लागि श्री कृष्ण कन्ट्रक्सन प्रा ली सँग रकम रु ४२,६९,१३६.०० (मु अ कर समेत) मा सम्झौंता भएको देखिन्छ । यसरी स्विकृत लागत अनुमान भन्दा बढी रकम राखी गरिएको सम्झौंता र सो बमोजिम भएको खर्चलाई नियमित भन्न नमिल्ने रकम रु. १,३३,३१४.०३</td><td>१३३,३१४.०३</td></tr>
<tr><td>३७.४</td><td></td><td></td><td></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३७.५ | ५ | २०७८-१०-६ | **बढी रकम भुक्तानीः** ठे नं NCB/PTNMUM/W-02/2078/79 उदयदेव मा वि निर्माण पा. न. पा. ७ कार्यको लागि निर्माण व्यवसायी श्री के एन बिल्डर्स पाटन ७ बैतडीलाई प्रथम रनिङ्ग बीलको भुक्तानी रकम रु. ३६,३१,५८३.३३ हुनुपर्नेमा रकम रु. ३७,५८,३९५.५८ भुक्तानी भएको देखिन्छ। यसर्थ बढी भुक्तानी भएको असुल उपर गर्नु पर्ने रकम रु. | १२६,८१२ |
| ३७.६ | १०४ | २०७८-१२-१८ | **धरौटी कट्टी नगरी भुक्तानीः** ठेक्का नं. 02/s-01/pmo/ncb/2077.78 गुजर मा वि ४ कोठे भवन निर्माण कार्यको लागि निर्माण व्यवसायी श्री कृष्ण कन्ट्रक्सन प्रा ली लाई दोस्रो रनिङ्ग बिल रकम रु १२,३९,८५९.१४भुक्तानी दिंदा न्युन कट्टी गरीएको धरौटी दाखिला हुनुपर्ने रकम रु. | ५४,८६१ |
| ३७.७ | | | **अग्रिम बैंक जमानत वेगरको भुक्तानीः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२क तथा नियमावली २०६४ को नियम ११३ बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपुर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने तथा सो पेश्कि मध्ये सम्झौता पश्चात १० प्रतिशत र कार्य प्रगतिको आधारमा बाँकी १० प्रतिशत दिने व्यवस्था छ ।<br>गो भौं नं २१४।२०७९।०३।२३ नगरपालिका पूँजीगतबाटपालिकाले एम्बुलेन्स खरिद कार्यको लागि आपुर्तिकर्ता श्री अग्नी सप्लायर्स लाई अग्रिम बैंक जमानत वेगर नै रकम रु १३,५०,०००.०० पेश्की दिएको देखियो । यसरी अग्रिम बैंक जमानत वेगर पेश्की दिने कार्यमा नियन्त्रण हुनु पर्दछ ।कानुन तथा सम्झौता भन्दा बाहिर गएर गरिएको पेश्की रकम भुक्तानीलाई नियमसंगत मान्न सकिंदैन । | |
| ३८ | १ | २०७९-२-२४ | **स्वास्थ्य पूर्वाधार साझेदारी कार्यक्रम**<br><br>ठे.नं. NCB/PTNMUN/W/09-2077/78 , १५ सैय्या अस्पताल निर्माण, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२२ मा रितपूर्कको कर बिजक पेश गर्नुपर्ने व्यवस्था छ । उक्त अस्पताल निर्माणको लागि निर्माण व्यवसायी सिनर्जी प्रधान जे. भी. नयाँ बानेश्वर, काठमाण्डौले पेश गरेको मू.अ.कर बीजकमा कर बीजक नं. उल्लेख छैन। त्यस्तै निर्माण व्यवसायीले रु. ५७,६१,५६४।४० को भुक्तानी लागि बील पेश गरेकोमा रु. ६५,४४,०९३ भुक्तानी दिएको देखियो । अतः पेश भएको कर बिजकमा उल्लिखित रकम भन्दा बढी भुक्तानी दिएको रु. ७,८२,५८८.६० सम्बन्धित निर्माण व्यवसायीबाट असूल हुनुपर्ने रु. | ७८२,५८८.६ |
| ३९ | | | **उपभोक्ता समितिको काम** | |
| ३९.१ | | | **जनश्रमदान**–सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिंदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. | ७६०,५३३ |

| गो.भौ.नं. | उपभोक्तासमितिरकाम | मुल्याङ्न रकम | जनसहभागिता बेहोर्ने रकम | जनसहभागिता भएको रकम | घटीअनुपातिककट्टीरकम |
|---|---|---|---|---|---|
| ५।२०७८।६।१५ | शार्वजनिक शौचालय निर्माण उ स | १३७४९५१ | २७४९९० | २३७८११ | ३७१७९ |
| २।२०७८।६।२४ | देहिमान्डौ वसन्तपुर पाटन सडक | १३७५७७६ | २८६१६१ | २३११३० | ५५०३१ |
| १५।२०७८।९।३ | बिजयपुर किचार सडक उ स | २६७३९०२ | ५३४७८० | ० | ५३४७८० |
| २४।२०७८।९।१७ | तोली पखाधार सडक नि उ स | ११२९०६१ | ५६००० | ० | ५६००० |
| २४४।२०७९।३।३२ | नगरस्तरीय सडक सरसफाई उ.स. | २८९७१२७ | ५७९४२५ | ५०१८८२ | ७७५४३ |
| | जम्मा | | | | ७६०५३३ |

३९.२ **उपभोक्ताको कामः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृद्रि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृर्दि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उललेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, कालो पत्रे कलभर्ट खानेपानी संरचना पार्क निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा

| | | | |
|---|---|---|---|
| | | | भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्बन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन । |

| सि न | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | गौराघर निर्माण योजना धारापानी उ. स | भवन निर्माण | ६२४००० |
| २ | खानेपानी टंकी निर्माण उ.स.काकस्याली | टंकी निर्माण | ९२६३२२ |
| ३ | नगरस्तरीय सडक निर्माण उ.स. | सडक निर्माण | १५७०२४५ |
| ४ | टकरे खानेपानी योजना उ.स. | खानेपानी निर्माण | ७६२७९४ |
| ५ | देहिमाणडौ वसन्तपुर पाटन सडक नि.उ.स | सडक निर्माण | १८४८९८२ |
| ६ | मस्टामाण्डौ झो. पु.नि. उ.स ७ | झोलुङगे पुल निर्माण | १०८३६४६ |
| ७ | सुर्नया जोलाबाझ तोली लिफ्ट योजना उ.स | खानेपानी निर्माण | ७९५११२ |
| ८ | डैसिली लदौली त्रिपुरेश्वर सडक योजना उ.स | सडक निर्माण | १४६२१०१ |
| ९ | कनेडीमवडतोली गौडाली बोहरी सडक उ.स | सडक निर्माण | १९०२५३६ |
| १० | शहिद जितसिह् स्मृती भवन नि. उ.स | भवन निर्माण | ६७१०८२ |

| | | | | |
|---|---|---|---|---|
| ३९.३ | | | **उपभोक्ता समिति दर्ता –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न २४१ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । | |
| ३९.४ | | | **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ४० | | | **लाभग्राही समुदायको काम** | |

४०.१

**हेभी इक्विपमेण्टको प्रयोग—** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसरी उपभोक्ता समितिलाई दिएका कार्य उपभोक्ता समितिले निमाण ब्यावसायी बाट गरेको देखिन्छ । यसरी नियमावलीमा भएको व्यवस्था बिपरीत उपभोक्ता समितिले निर्माण गराएको कार्य नियमसँगत देखिएन ।यसका केही उदाहरणहरु यसप्रकार रहेका छ ।

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा खर्च रकम |
|---|---|---|---|---|---|
| २६।२०७८।१०।६ | गौलेक चापड सडक नि. उ. | सडक निर्माण | १४३८३२० | जेसिबि स्काभेटर | १४३८३२० |
| ५२।२०७८।११।१४ | काकस्चाली दवडानी सडक उ. स. | सडक निर्माण | ६७३०१६ | जेसिबि स्काभेटर | २५०१३७ |
| ७३।२०७८।१२।७ | डडसिलीगेरडा सडक नि .उ. स. | सडक निर्माण | ६७२००० | जेसिबि स्काभेटर | ६००००० |
| ८४।२०७८।१२।९ | वडा स्तरीय सडक नि= उ. स. | सडक निर्माण | ७५४२६७ | जेसिबि स्काभेटर | ४७१२१० |
| १६९।२०७९।२।२० | सडक सरसफाई तथा बिस्तार उ.स | सडक निर्माण | ६६३९७९ | जेसिबि स्काभेटर | २८२५०० |
| १५८।२०७९।१।२७ | झालिमाली गुराली वडा कार्यालय सडक मर्मत | सडक निर्माण | ८३६५७९ | जेसिबि स्काभेटर | ६२४३२५ |
| २०।७९।३।२५ | कनेडी मोडतोली बोहरी गाउ सडक नि उ स | सडक निर्माण | १९०२५३६ | जेसिबि स्काभेटर | १३५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११६।२०७८।१२।३० | तोली पाखाधार जोला बाझ सडक नि उस | सडक निर्माण | ११४४८४८ | जेसिबि स्काभेटर | ८००००० |
| ११८।२०७८१२।३० | डोडर चोर भेउल्दा बगाडी सडक नि..उ. स. | सडक निर्माण | १६२०३०७ | जेसिबि स्काभेटर | १२००००० |
| १४४।२०७९।१।५ | नगर स्तरिय सडक नि उ स | सडक निर्माण | १५७०२४५ | जेसिबि स्काभेटर | ८६३४०० |

४०.२ **उपभोक्ताको काम निर्माण ब्यावसायी बाट गराएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१३) (क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाप्त गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सुचीमा राखन सार्वजनिक खरिदअनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ । यस नगरपालिकामा संचालित उपभोक्ता समितिले पाप्त गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको ब्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई कार्य गराएको देखिएका छन । अत यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन । नगरपालिका कार्यालयले यस्ता कार्यमा नियन्त्रण गर्नु पर्दछ ।केही उदाहरण निम्न प्रकार छन

| सि.न | योजनाको नाम | गो. भौ.न र मिति | निर्माण ब्यावसायी नाम | निर्माणब्यावसायी गरेको काम | रकम |
|---|---|---|---|---|---|
| १ | गौलेक चापड सडक नि. उ. | २६।२०७८।१०।६ | नागार्जुन नि से | सडक कटीङ्ग | १४९७३२७ |
| २ | काकस्चाली दवडानी सडक उ.स. | ५२।२०७८।११।१४ | इन्द्रधुन नि से | सडक कटीङ्ग | २५०१३७ |
| ३ | डडसिली गेरडा सडक नि उ. स. | ७३।२०७८।१२।७ | बडेला कन्स्टकशन | सडक कटीङ्ग | ६००००० |
| ४ | वडा स्तरीय सडक नि. उ. स. | ८४।२०७८।१२।९ | पाचभाई नि. से. | सडक कटीङ्ग | ४७१२१० |
| ५ | सडक सरसफाई तथा बिस्तार उ.स | १६९।२०७९।२।२० | पाचभाई नि. से. | सडक कटीङ्ग | २८२५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | झालिमाली गुराली वडा कार्यालय सडक मर्मत | १५८।२०७९।१।२७ | पाचभाई नि. से. | सडक कटीङ्ग | ६२४३२५ |
| ७ | कनेडी मोडतोली बोहरी गाउ सडक नि. उ. स. | २०।७९।३।२५ | अरिवल नि से | सडक कटीङ्ग | १३५०००० |
| ८ | तोली पाखाधार जोला बाझ सडक नि .उ.स. | ११६।२०७८।१२।३० | कुमारी नि से | सडक कटीङ्ग | ८००००० |
| ९ | डोडर चोर भेउल्दा बगाडी सडक उ .स. | ११८।२०७८१२।३० | प्रभास कन्स्टकशन | सडक कटीङ्ग | १२००००० |
| १० | नगर स्तरिय सडक नि उ स | १४४।२०७९।१।५ | ३ वटा नि से | सडक कटीङ्ग | ८६३४०० |

४०.३ **सम्झौता अनुसार कार्य नभएको**-उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झोता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नुपर्दछ । तर पालीका र उपभोक्ता समिति बीच कार्य गर्ने गरी सम्झौता भएकोमा यस वर्ष निम्न कार्य पुरा नगरेको पाईयो । सालबसाली रुपमा बजेट विनियोजन हुने यस्त योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित हुनुका साथै आ.व.२०७९।८० मा समेत उक्त योजनामा बजेट विनियोजन भएको पाईएन । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ ।केही उदाहरण निम्न प्रकार छन

| योजनाको नाम | शिर्षक | सम्झौता रकम | भुक्तानी रकम | कार्य बाकी रकम |
|---|---|---|---|---|
| डासिली लदौली त्रिपुरेश्वर सडक निर्माण उ.स. | प्रदेश | ३१२०११४ | १४६२१०१ | १६५८०१३ |

४०.४ **गुणस्तर परीक्षण**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | नगरपालिका प्रशासकिय भवन निर्माण | प्रशंसा शिवलिङ जे .भी | ६०००००० |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>रुइसेनी लिफ्ट खानेपानी योजना</td><td>कस्मीक सोलुशन प्रा. लि.</td><td>६०८२३८३</td></tr>
<tr><td>३</td><td>उदय मा. बि. भवन निर्माण</td><td>के. एन निर्माण सेवा</td><td>३५७८३९५</td></tr>
<tr><td>४</td><td>वडा न १० कार्यालय भवन निर्माण</td><td>एस के. निर्माण सेवा</td><td>२३४५४०२</td></tr>
<tr><td>५</td><td>कुलखेत सिचाई योजना</td><td>इन्द्र निर्माण सेवा</td><td>१७२०९६६</td></tr>
<tr><td>६</td><td>वडा न ४ कार्यालय भवन निर्माण</td><td>असिम केदार निर्माण सेवा</td><td>१४३०३१०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
बहाल कर कट्टा नगरेको<br>
आयकर ऐन,२०५८ को दफा ८८ र ९२ अनुसार व्यवसाय संचालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसंग गांसिएका जडानहरु र उपकरणहरु वापत भुक्तानी गरेको भाडा वापत १० प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले देहाय बमोजिम विभिन्न ढुवानी कार्य गरे वापत बहाल कर कट्टी नगरेको पाईएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु
<table>
<tr><th>क.सं</th><th>भौ/मिति</th><th>नाम</th><th>कार्यक्रम/प्रयोजन</th><th>भुक्तानी रकम</th><th>बहाल कर(१० %)</th></tr>
<tr><td>१</td><td>१७६/२०७९-३-२२</td><td>भानदेव बड</td><td>कृषि सामाग्रि ढुवानि</td><td>११०००/-</td><td>११००/-</td></tr>
<tr><td rowspan="2">२</td><td>१५३/२०७९-३-२०</td><td rowspan="2">गजेन्द्र ब चन्द</td><td>मातृ तथा नवजात शिशु सेवा कार्यक्रम जिप बुकिङ</td><td>२१०००/-</td><td>२१००/-</td></tr>
<tr><td>१५४/२०७९-३-२०</td><td>ENT विद्यालय स्क्रिनिङ जिप बुकिङ</td><td>१२०००/-</td><td>१२००/-</td></tr>
<tr><td>३</td><td>१६७/२०७९-३-२२</td><td>करन सिंह कार्की</td><td>कृषि सामाग्रि ढुवानि</td><td>१४०००/-</td><td>१४००/-</td></tr>
<tr><td>४</td><td>१७१/२०७९-३-२२</td><td>चन्द्र ब बोहरा</td><td>कृषि सामाग्रि ढुवानि</td><td>१००००/-</td><td>१०००/-</td></tr>
<tr><td>५</td><td>१७६/२०७९-३-२२</td><td>कर्ण ब साउद</td><td>कृषि सामाग्रि ढुवानि</td><td>१५०००/-</td><td>१५००/-</td></tr>
</table>
</td><td>९,९००</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ६ | १७६/२०७९-३-२२ | सिद्धराज भट्ट | कृषि सामाग्रि ढुवानि | १६०००/- | १६००/- | |
| | | | **जम्मा** | | | | | **९९००/-** | |

| | | | | |
|---|---|---|---|---|
| ४२ | | | **सोझै खरिद**<br>सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर रु. २३,५१,८७१ को सोझै खरीद गरेको पाइयो । प्रतिष्पर्धा नगरी सोझै खरिद गर्ने कार्य नियन्त्रण हुनु पर्दछ । | |

| **गो.भौ.नं. मिति** | **खरीद गरेको फर्म** | **सामानको विवरण** | **रकम रु.** |
|---|---|---|---|
| ८।०७८।६।२३ | सिप्रदी ट्रेडिङ्ग प्रा.लि. | सवारी मर्मत खर्च | ३३८३०१ |
| ७६।०७८।१०।५ | मालिकार्जुन ट्रेडर्स | सवारी मर्मत खर्च | १००३४९ |
| ८७।०७८।१०।१० | रबिन्द्र ट्रेडर्स | सवारी मर्मत खर्च | १३५५७६ |
| ११३।०७८।११।१७ | स्यान्को इन्टरनेशनल प्रा.लि. | सवारी मर्मत खर्च | १४५००० |
| १७१।०७८।१२।१६ | सिप्रदी ट्रेडिङ्ग प्रा.लि. | सवारी मर्मत खर्च | १२४७९२ |
| १७७।०७८।१२।१७ | सिप्रदी ट्रेडिङ्ग प्रा.लि. | सवारी मर्मत खर्च | २३८३२६ |
| १२।०७८।६।२४ | के.वि.ट्रेडर्स एण्ड सप्लायर्स | कार्यालय सामाग्री | ३९७३५८ |
| १६९।०७८।१२।१६ | शिवसागर सप्लायर्स | कार्यालय सामाग्री | ४५२५६४ |
| १७०।०७८।१२।१६ | पाटन प्रिन्टिङ्ग प्रेस | कार्यालय सामाग्री | १०८८५५ |
| २३८।०७९।३।५ | आयाम आई टी हब एण्ड सप्लायर्स | कार्यालय सामाग्री | ३१०७५० |
| जम्मा | | | २३,५१,८७१ |

| | | | | |
|---|---|---|---|---|
| ४३ | | | **सोझै खरिद** | |

४३.१

**कोटेशनको कार्य:** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा ५ लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७८।७९ मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनदारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ० प्रतिशत देखि १ प्रतिशत सम्म घटेको मात्र देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब २० देखि ४० प्रतिशत सम्म घटी प्रतिस्पर्धा भएको देखिन्छ। यसरी प्रतिस्पर्धा नगरी सोझै कोटेशनदारा नगरपालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन ।

| गो.भौ. न | योजनाको नाम | लागत अनुमान | स्म्झौता रकम | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| ३०।२०७९।२।१८ | उदय.मा.बि भवन निर्माण | ८९९९९८ | ८९६४८७ | ८९६४८७ | ०।३९ |
| ३४।२०७९।३।१ | उदय.मा.बि भवन निर्माण | ९९९४२७ | ९९९०३९ | ९९९०३९ | ०।३८ |
| ६०।२०७९।३।२५ | सुर्नया जोलाबाझ तोली लिफ्ट खा पा योजना | ७९५११२ | ७९५११२ | ७९५११२ | ०।० |
| ३९।२०७९।३।८ | रूइसेनी लिफ्टिङग खानेपानी योजना | ९९२४९८ | ९९२४९८ | ९९२४९८ | ०।० |
| ५७।२०६९।३।२५ | देहिमान्डौ वसन्तपुर पाटन सडक | ९८२६२७ | ९८२६२७ | ९८२६२७ | ०।० |
| १९०।२०७९।३।१५ | मानिकाखान बोहरी गाउ सडक | ९९८८२३ | ९९८८२३ | ९९८८२३ | ०।० |
| १७५।२०७९।३।१ | देहिमान्डौ वसन्तपुर पाटन सडक | ९९९३०७ | ९९९३०७ | ९९९३०७ | ०।००४२ |

<table>
<tr>
<td>४३.२</td>
<td></td>
<td></td>
<td>
बिजक बेगरको भुक्तानी : आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले निम्न निर्माण कार्यको प्राबिधिक बिल अनुसार ब्यासायीलाई रकम भुक्तानी दिएकोमा निमार्ण ब्यावसायीलाई भुक्तानी दिए बरावरको कर बिजक पेश गरेको देखिएन,।अत निर्माण ब्यवसायीले उक्त रकम बरावरको आय बिवरण पेश गरेको भए मु.अ कर समायोजन प्रमाण पेश गर्ने अन्यथा मु.अ.कर रकम ब्यावसायीबाट असुल गरी संचित कोष दाखिला गर्नु पर्ने देखिएको रू
<table>
<tr><th>योजनाको नाम</th><th>निर्माण ब्यावसायीको नाम</th><th>गो. भौ.न र मिति</th><th>भुक्तानी रकम</th><th>बिजक पेश भएको रकम</th><th>फरक रकम</th></tr>
<tr><td>वडा स्तरीय सरसफाई योजना</td><td>इन्द्रधुन नि से</td><td>२९।२०७८।१०।६</td><td>४९५२३७</td><td>४६६७५०</td><td>२८४८७</td></tr>
<tr><td>स्वास्थ्य सेवा केन्द्र फिल्ड कटीङ</td><td>सिरभावर नि से</td><td>४०।२०७८१२।९</td><td>३९८७७२</td><td>३७५८३४</td><td>२२९३८</td></tr>
<tr><td>उदय मा बि भवन निर्माण</td><td>के एन निर्माण स्वा</td><td>१५।२०७९।१।१४</td><td>३७५८३९५</td><td>३५८२४४६</td><td>१७५९४९</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२,२७,३७४</td></tr>
</table>
</td>
<td>२२७,३७४</td>
</tr>
<tr>
<td>४३.३</td>
<td></td>
<td></td>
<td>
सोझै खरिद :सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ (१)मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख) एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस नगरपालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्क्रा गरी र एउटै पार्टीबाट पटक पटक खरिद गर्ने गरेका केही उदाहरण निम्न छन । यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक पटक र एउटै ब्यक्ती वा पार्टीसंग पटक पटक खरिद गरेको रु ३८,७७,४६०।००नियमसंगत भन्न सकिएन ।अत नगरपालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।
<table>
<tr><th>भौचर न.</th><th>शिर्षक</th><th>योजनाको नाम</th><th>कामको नाम</th><th>पार्टीको नाम</th><th>रकम</th></tr>
<tr><td>३०।२०७९।२।१८</td><td>संघिय सशर्त</td><td>उदय.मा.बि भवन निर्माण</td><td>भवन निर्माण</td><td>नागार्जुन निर्माण सेवा</td><td>८९६४८७</td></tr>
</table>
</td>
<td>३,८७७,४६०</td>
</tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| ३४।२०७९।३।१ | | उदय.मा.बि भवन निर्माण | भवन निर्माण | के.एन बिल्ड्स | ९९९०३९ |
| १७५।२०७९।३।१ | | देहिमान्डौ वसन्तपुर पाटन सडक उ स ५ | सडक निर्माण | सैपाल निर्माण सेवा | ९९९३०७ |
| ५७।२०६९।३।२५ | न पा | देहिमान्डौ वसन्तपुर पाटन सडक | सडक निर्माण | मित्र कन्स्टकश | ९८२६२७ |
| | | | जम्मा | | ३८७७४६० |

४४ **वारिण्टी कार्ड नलिएको:**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को ३ मा खरिद गरेका मालसमान वा सेवाको गुणस्तर परिक्षण गराउनु पर्ने बयवस्था छ । यस नगरपालिका कार्यालयले बैकल्पिक उर्जा र नगरपालिकामा जडान गरिएक सोलरको भुक्तानी दिएकोमा उक्त कार्य गुणस्तर बमोजिम छ भनी गुणस्तर परिक्षण गरेको प्राबिधिक प्रतिबेदन पेश गरेको देखिएन र साथै उक्त कार्यका लागी खरिद गरेका समानको बिक्रेता आधिकारीक कम्पनीले निश्चित अवधिको लागी वारिण्टी कार्ड दिने गरेकोमा कार्यालयले कुन कम्पनीबाट खरिद गरेको हो सो एकिन भएन। अत कार्यालयले उक्त समान खरिद गरेको कम्पनीबाट जारी गरेको वारिण्टी कार्ड लिएको प्रमाण पेश गर्नु पर्दछ

| सि न | योजनाको नाम | गो भौ न र मिति | रकम |
|---|---|---|---|
| १ | नबिकरणिय उर्जा प्रबिधि जडान | ३३।२०७९।२।२१ | ४४९०९३ |
| २ | नबिकरणिय उर्जा प्रबिधि जडान सैनदेउ | १३।२०७९।१।४ | ९५३०४ |

४५ **सामाजिक सुरक्षा**

४५.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंकसँग सम्झौता गरि बैंक मार्फत वितरण गर्नुपर्ने तथा केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ।

- परीक्षण गरिएका भौचर मध्ये वडा नं १ र ४ का लाभग्राहीका लागि भत्ता वितरण गर्न क्रमशः कृषि विकास बैंक, पाटन शाखा र महालक्ष्मी बिकास बैंक, पाटन शाखासँग सम्झौता गरेको देखिन्छ। पालिकाले पहिलो किस्ता भुक्तानी गर्दा कार्यविधिको दफा २४, अनुसूची ८ र अनुसूची

<table>
<tr><td></td><td></td><td></td><td>१० को शर्त बमोजिमको फर्वाड फिड नपठाई नाम र खाता नम्वर मात्र बैंकलाई पठाएको, सोही बमोजिम बैंकले रिभर्स फिड पठाएको हुँदा बास्तविक लाभग्राहीले भुक्तानी पाए नपाएको यकिन हुन सकेन।<br><br>• बैंकले पहिलो किस्ताको पालिकालाई पठाएको रिभर्स फिडमा एउटै खाता नम्वर र नाम भएका व्याक्तीहरुको दुई पटक भुक्तानी भएको, दुई फरक नाम भएको लाभग्राहीको एकै खाता नम्वर भएको, साथै बाँकी किस्ता भुक्तानी हुँदा नागरिकता नम्वरहरु दोहोरो पाईएको छ। त्यस्तै महालक्ष्मी बिकास बैंकसँग वडा नं ४ का लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता वितरण गर्न सम्झौता भएपनि त्यस विपरित पालिकाले वडा नं ३ का क्षेत्र तोकिएका अन्य बालकालिका भत्ता खातामा जम्मा गर्न बैकलाई निकासा दिएको र बैंकले सो बमोजिम खातामा रकम जम्मा गरेको देखिएको छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आ.व.मा सामाजिक सुरक्षामा रु १२,९०,३७,१२९।४१ निकासा गरेको, बैंकहरुले १२,८८,८३,९१०।२५ रुपैया भुक्तानी गरेको र मौज्दात रकम रु. १,५३,२१९।१६ नगरपालिकाका फिल्ड सहायक श्री लोक राम वि. क. को ब्यक्तीगत खातामा जम्मा गरेको हुँदा मौज्दात यतिनै हो भनेर यकिन गर्न सकिएन।<br><br>• मिति २०७९।५।०९ मा कार्यालयले मौज्दात रकम को.ले.नि.का को खातामा फिर्ता गरेको भौचर प्राप्त भएपनि राम वि.क. को खाताबाट कार्यालयको खातामा रकम फिर्ता आएको प्रमाण उपलब्ध भएन। अतः उल्लेखित विविध अवस्थाका कारण पालिकाले सामाजिक सुरक्षामा गरेको वास्तविक खर्च र मौज्दात यकिन गर्नु पर्ने देखिन्छ। साथै पालिकाले भत्ता वितरणलाई थप व्यवस्थित गर्दै वास्तविक लाभग्राहीले भत्ता पाउने सुनिश्चित गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>४५.२</td><td></td><td></td><td>महालक्ष्मी बिकास बैंक पाटन शाखाले वडा नं ४ का लाभग्राहीको पहिलो त्रैमासिकको रकम भुक्तानी गर्दा देहायका व्यक्तीहरुलाई दोहोरो भुक्तानी भएको देखिएकाले सो असुलउपर गर्दै पालिकाले बाँकी किस्ताहरु तथा अन्य बैंकहरुले भुक्तानी गरेका किस्ताहरुमा दोहोरो भुक्तानी भएको यकिन गरि असुलउपर गर्नु पर्ने देखिन्छ।
<table>
<tr><td>खाता नम्वर</td><td>नाम</td><td>बढी भएको भुक्तानी</td></tr>
<tr><td>०७१००७००४१५०९६००००००१</td><td>धन बहादुर महरा</td><td>१२,०००</td></tr>
<tr><td>०७१०१०००४४१९१८००००००१</td><td>जमुना देवि औजी</td><td>७,९८०</td></tr>
<tr><td>०७११०३००४४२८६००००००१</td><td>विर्मा देवि महरा</td><td>७,९८०</td></tr>
<tr><td>०७११०३००४४३१४१००००००१</td><td>पारु महरा</td><td>१२,०००</td></tr>
<tr><td>०७११०३००४४३१७५००००००१</td><td>भानि लुनार</td><td>७,९८०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४७,९४०</td></tr>
</table></td><td>४७,९४०</td></tr>
</table>

<table>
<tr><td>४६</td><td></td><td></td><td>वित्तिय समानीकरण अनुदानबाट शिक्षकको तलब<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७८ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकालेस्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट ५३ वटा विद्यालयको १२९ जना नगर स्वयंसेवक शिक्षकहरुको रु. १,७६,२०,७५० तलब भुक्तान गरेको पाइयो । तसर्थ, सशर्त अनुदानबाट तलब भत्ताको व्यवस्था भएकोमा समानीकरण शीर्षकबाट खर्च लेख्ने कार्य अनियमित देखिएको रु.</td><td>१७,६२०,७५०</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>तलब भत्ता बढी निकासा(शिक्षक)<br>शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा नदिने व्यवस्था उल्लेख छ । नगरपालिकाले देहायबमोजिमका शिक्षकहरुको राजिनामा र अवकाशको दिनसम्मको मात्र तलबभत्ता भुक्तानी गर्नुपर्नेमा बढी तलब भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी वापतको रकम असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं</th><th>शिक्षकको नाम</th><th>विद्यालयको नाम</th><th>अवकाश/राजिनामा मिती</th><th>१ महिनाको तलब</th><th>बढी निकासा रकम</th></tr>
<tr><td>१</td><td>बहादुर सिंह महरा (प्रा.वि द्वितिय)</td><td>सिद्धेश्वर मा.वि. हुक्केडाडा</td><td>२०७८/०६/२७</td><td>४४९८२.०</td><td>४४९८०.०(१ महिना बढी)</td></tr>
<tr><td>२</td><td>नरेन्द्र सिंह कडायत (नि.मा.वि द्वितिय)</td><td>सिद्धनाथ मा.वि. सिलङ्गा</td><td>२०७८/०८/०१</td><td>५२५५१.०</td><td>१०५१०.०(६ दिन बढी)</td></tr>
<tr><td>३</td><td>मदन राज पन्त (मा.वि द्वितिय)</td><td>सिद्धनाथ मा.वि. सिलङ्गा</td><td>२०७८/११/०२</td><td>६१४५२.०</td><td>५७३५५.०(२८ दिन बढी)</td></tr>
<tr><td>४</td><td>नर बहादुर चलाउने (प्रा.वि द्वितिय)</td><td>जयपुर मा.वि. पाटन</td><td>२०७८/११/२२</td><td>४४७८२.०</td><td>११९४२.०(८ दिन बढी)</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>१२४७८७/-</td></tr>
</table></td><td>१२४,७८७</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>पारिश्रमिक कर</td><td>५०,२२१</td></tr>
</table>

आयकर ऐन, २०५८ को दफा ४ अनुसार बार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु. ४५०००० सम्म १ प्रतिशत, (ख) रु. ४५०००० देखि रु. ५५०००० सम्म रु. १००००० मा १० प्रतिशत, (ग) रु. ५५०००० देखि रु. ७५०००० सम्म रु. २००००० मा २० प्रतिशत, (घ) रु. ७५०००० देखि रु. २०००००० सम्म रु. १२४५००० मा ३० प्रतिशत र रु. २०००००० भन्दा बढीको आम्दानीमा (घ) बमोजिम लाग्ने करको दरमा थप २० प्रतिशत अतिरिक्त कर लाग्ने व्यवस्था छ । पालिकामा कार्यरत अधिकृत स्तर तथा पारिश्रमिक पुग्ने अन्य कर्मचारीहरुको पारिश्रमिक कर माथि उल्लिखित व्यवस्था अनुसार रु.५०,२२१ कर कट्टि नगरेकोले उक्त कर असूल गरी दाखिला हुनुपर्ने रु.

| क्र.सं. | नाम | जम्मा खुद आय | छुट हुने रकम | कर लाग्ने आय | लाग्ने कर | कट्टी गरेको पारिश्रमिक रु. | नपुग पारिश्रमिक कर रु. |
|---|---|---|---|---|---|---|---|
| १ | डा.लोकेन्द्र सिंहापा | ६६०००० | ४७०००० | १९०००० | २८००० | २१००० | ७००० |
| २ | राजेन्द्र प्रसाद भट्ट (अधिकृत छैठौं) | ७१९२२३ | ४७०००० | १३८८१९ | १७७६४ | ४९६० | १२८०४ |
| ३ | मदन सिंह कठायत (अधिकृत छैठौं) | ७१८२८२ | ४७०००० | १३१७९६ | १६३५९ | ७३६० | ८९९९ |
| ४ | मदन सिंह महरा (अधिकृत छैठौं) | ७८७७१४ | ४७०००० | १८९०६४ | २७८१३ | २५९६० | १८५३ |
| ५ | शंकर दत्त पन्त (सहायक पाँचौ) | ६६३४५३ | ४७०००० | ८४७८९ | ८४७९ | ० | ८४७९ |
| ६ | महेश दत्त भट्ट (सहायक पाँचौं) | ६२३८७८ | ४७०००० | ५१८६० | ५१८६ | ० | ५१८६ |
| ७ | पदम राज भट्ट (सहायक पाँचौं) | ६३२८४१ | ४७०००० | ५९००९ | ५९०० | ० | ५९०० |
| जम्मा | | | | | | | ५०२२१ |

| | | | | |
|---|---|---|---|---|
| ४९ | | | **ग्रेड बढी भुक्तानी** | ७०,३३० |

<table>
<tr><td></td><td></td><td></td><td>निजामती सेवा ऐन, २०४९ कोदफा ७ (ख) (२) बमोजिम तलब खर्च लेख्दा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रण कार्यालयबाट तलबी प्रतिवेदन पारीत गरेर कर्मचारीको तलब खर्च लेख्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७८।०७९ को लागि तलबी प्रतिवेदन पारीत नगरेपनि आ.व. २०७७।०७८ को आधारमा पारीत तलबी प्रतिवेदन अनुसार निम्न कर्मचारीको ग्रेड बढी भुक्तानी भएकोले असूल दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारीको नाम</th><th>तह</th><th>महिना</th><th>ग्रेड रु.</th></tr>
<tr><td>१</td><td>शंकरदत्त पन्त</td><td>सहायक पाँचौ</td><td>२०७८ श्रावण देखि २०७९ आषाढ सम्म, दशैं, तथा कर्मचारी सञ्चय खर्च समेत</td><td>१३४४२</td></tr>
<tr><td>२</td><td>विश्वा कुमारी विष्ट भण्डारी</td><td>अधिकृत छैठौं</td><td>२०७८ श्रावण देखि २०७९ आषाढ सम्म ३ ग्रेडको दरले बढी, दशैं, तथा कर्मचारी सञ्चय खर्च</td><td>५४३५४</td></tr>
<tr><td>३</td><td>मदन सिंह कठायत</td><td>अधिकृत छैठौं</td><td>२०७९ को जेठ र आषाढ महिनाको मात्र ग्रेड बढी</td><td>२५३४</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>७०३३०</td></tr>
</table></td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>सडक गुरु योजना र अभिलेख<br>पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको अभिलेख राखी ती सडकहरुको निमार्ण, स्तरोन्नती मर्मत संम्भार तथा सञ्चालनको उचित प्रबन्ध गर्नु पर्छ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथामिकताको आधारमा वर्गिकरण गरी सोही बमोजिम सडक निमार्ण स्तरोन्नति तथा मर्मत सम्बन्धमा सडक गुरु योजना तयार गरी सोही बमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समितिबाट सडक निमार्ण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>कृषि, पशु, खानेपानी तथा विद्यालय अनुदान<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ।</td><td></td></tr>
<tr><td>५२</td><td>१६</td><td>२०७९-१-१४</td><td>बैंक दाखिला<br>आयकर ऐन, २०५८ तथा सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावलि, २०७६ ले कट्टि गरेको रकम सम्बन्धित कार्यालयले तोकिएको समयभित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था गरेको छ। संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम अन्तर्गत श्री उदयदेव मा वि किम्तोली भवन निर्माण गर्दा</td><td>३५२,७७५</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | धरौटी कट्टी बापत रु १,८१,५७९, अन्य कट्टी अरु. १,२३,६४१ र अग्रिम आय कर कट्टी ४७,५५५ रकम कृषि विकास बैंक लिमिटेडको चेक काटिएको तर बैक दाखिला गरेको पाइएन। अतः पालिकाले उल्लेखित रकमहरु बैंक दाखिला गरि प्रमाण पेश गर्नु पर्ने रकम रु. | |
| ५३ | | | **सुरक्षित नागरिक आवास कार्यक्रम**<br>नागरिको मौलिक हक अन्तर्गत आवासको हक कार्यान्वयनको क्रममा सरकारले गरिबी, प्रकोप तथा अन्य कारणहरुले खर वा परालको छाना मुनी बस्न बाध्य घर परिवालाई जस्ताको छाना मुनी ल्याउने उद्देश्यले त्यस्ता घर परिवारलाई प्रति घर परिवार रु. ५०,००० का दरले अनुदान दिने गरि यस कार्यक्रम कार्यान्वयनमा ल्याएको हो। सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ ले 'मेरो खर वा परालको छाना भएको घर हो र म जस्ताको छानाको घर बनाउछु' भनि लाभग्राहीसँग लिखित सम्झौता गर्नु पर्ने, निर्धारित सूचकहरुको अकंका आधारमा लाभग्राहीको छनौट तथा प्राथामिकीकरण गर्नु पर्ने, झुट्टा विवरण पेश गर्नु नहुने लगायतका व्यवस्थाहरु गरेको छ। पालिकाले कार्यविधि विपरित सिमेन्ट, रड, घर छाउने स्लेट लगायतका सामान खरिदका लागि लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदन बनाएको, कार्यसम्पन्न पछि प्रमाणका रुपमा पेश भएका फोटोहरुमा आ.सि.सि घर, स्लेटका छाना भएका घरहरु रहदा पनि भुक्तानी दिएको देखिन्छ। अतः यस्ता अनुदान प्राप्त घर परिवारहरु लाभग्राही योग्य भए नभएको तथा वास्तविक लाभग्राही योग्य घर परिवारहरुले अनुदान प्राप्त गरे नगरेको यकिन गर्न सकिने अवस्था भएन। यस कार्यक्रम अन्तर्गत पालिकाले यस आर्थिक वर्षमा जम्मा बजेट रु. ३५,००,००० बाट १८४ वटा घरहरुको लागि रु. ३०,६६,००० खर्च गरेको र मौज्दात रु ४,३३,००० पालिकाकै खातामा रहेको देखिन्छ। उल्लेखित अवस्थाहरुले कार्यक्रमको औचित्यता र प्रभावकारिता मै असर पार्ने भएकाले पालिकाले बास्तविकता यकिन गरि आगामि आर्थिक वर्षहरुमा कार्यक्रमको उद्देश्य अनुरुप बास्तविक लाभग्राहीले अनुदान पाउने सुनिश्चित हुने गरि सरोकारवालाहरुसँग सहकार्य तथा समन्वय गर्नु पर्ने देखिन्छ। थप स्पष्टताको लागि केहि प्रतिनिधि व्यहोरा समेटी तालिका प्रस्तुत गरिएको छः- | |

| क्रम | नाम थर | ठेगाना | ब्यहोरा | कैफियत |
|---|---|---|---|---|
| १ | कालुराम लुहार | पाटन नपा-४ | •PCC for RCC WORK लगायतका सामाग्रि खरिद गरेको कार्य सम्पन्न प्रतिवेदन • दोस्रो किस्ता दाविका लागि ढलान घरको फोटो पेश गरेको | •ढलान घरलाई अनुदान भुक्तानी |
| २ | धना लुहार | पाटन नपा-४ | • PCC for RCC Work लगायतका सामाग्रि खरिद गरेको कार्य सम्पन्न प्रतिवेदन, • दोस्रो किस्ता दाविका लागि ढलान घरको फोटो रहेको | • ढलान घरलाई अनुदान भुक्तानी |
| ३ | धिरे लुहार | पाटन नपा-४ | • कार्य सम्पन्न प्रतिवेदनमा PCC Work, Form Work, Messonary Wall Mud Mortar | • कार्यसम्पादन प्रतिवेदन र लाभग्राही पेश गरेको |

| | | | | |
|---|---|---|---|---|
| | | | उल्लेख गरेको,<br>• बाँकी किस्ता दाविका लागि पेश भएको फोटोमा माटोढुङ्गाको घरसाथै स्लेटको छाना रहेको | विवरण फरक परेको<br>•सुरक्षित नागरिक आवास कार्यान्वयन कार्याविधि २०७५ विपरित भुक्तानी |
| ४ | राम सिंह बिष्ट | पाटन नपा-४ | • दोस्रो किस्ताको दाविका लागि पेश भएको फोटोमा स्लेटको छाना रहेको | •सुरक्षित नागरिक आवास कार्यान्वयन कार्याविधि २०७५ विपरित भुक्तानी |
| ५ | भानि राम लुहार | पाटन नपा-४ | • सिमेन्ट पेन्ट कब्जा लगायतका सामाग्री खरिदको बिल<br>• कार्य सम्पन्न प्रतिवेदनमा Local Wood Work For Roofing, 26 Gauge C.G.I. Sheet for Roof Covering Work उल्लेख,<br>• फोटोमा टहरा रहेको | •सुरक्षित नागरिक आवास कार्यान्वयन कार्याविधि २०७५ विपरित भुक्तानी |
| ६ | नरेश हुड्के | पाटन नपा-३ | • दोस्रो किस्ताको दाविका लागि पेश भएको फोटो विश्वसनीय नदेखिएको | •सुरक्षित नागरिक आवास कार्यान्वयन कार्याविधि २०७५ विपरित भुक्तानी |

| | | | | |
|---|---|---|---|---|
| ५४ | | | **अन्य बिबिध ब्यहोरा** | |
| ५४.१ | | | **अनुगमन नभएको:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस नगरपालिकामा आर्थिक बर्ष २०७८।७९ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राविधिक प्रतिवेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको नगरपालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिवेदन आंशिक पेश गरेको देखिन्छ भने नगरपालिकाद्रारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भन्ने नगरँपालिकाले आधिकारिक समिक्षा गरेको प्रतिवेदन छैन । अत यसले गर्दा नगरपालिकादारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । नगरपालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय | |

| | | | | |
|---|---|---|---|---|
| | | | सरकार संचालन ऐन २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षणगरी समिक्षा गरेको प्रतिबेदनअभिलेखगत रूपमा राख्नु पर्दछ । | |
| ५४.२ | | | **जनसहभागिताको अंशदान :**सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १(क)मा उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यको लागत अनुमानमा जनसहकभागिताको अंश समेतको रकम समावेश हुने ब्यवस्था छ । यस नगरपालिका कार्यालयमा उपभोक्ता समितिबाट सचालन गरिने कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुहको कति प्रतिशत अंश रहेनेछ भनी नगरसभा वा नगरपालिकाको आधिकारीक निर्णय गरेको प्रमाण देखिएन ।उपभोक्तादारा सचालित कार्य उपभोक्ता समितिसंग ५ प्रतिशत देखि २० प्रतिशतसम्म रकम राखी कार्य सम्पन्न गरेको देखिन्छ ।यसरी नगरपालिकाको आधिकारी निर्णय बेगर आफु खुशी अंशदानको प्रतिशत राख्ने कार्य नियमसंगत देखिएन ।अत नगरपालिका कार्यालयले लाभग्राही समुदाय वा उपभोक्ता समितीको प्रतिशत एकिन गरी नगरसभा वा नगरपालिकाबाट निर्णय गराई उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ । | |
| ५४.३ | | | **कच्चावारी बेगरको** भुक्तानीःआर्थिक कार्यबिधी तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ को (१३) मा चालु बर्षको बजेटले नखामेको खर्च बेहोर्न पर्ने भएमा बिल भरपाइ बमोजिमको रकम आगामी बर्षमा भुक्तानी दिनु पर्ने कारण खोली महालेखापरीक्षक कार्यालयले तोकेको ढाचामा भुक्तानी दिन बाँकीको कच्चावारी चढाइ श्रामण ७ गते भित्र कार्यालय प्रमुख र कोष तथा लेखा नियन्त्रकबाट प्रमाणित गराइ राख्नु पर्ने ब्यवस्था गरेको छ । यस नगरपालिकाले आर्थिक बर्ष २०७८।७९मा बिभिन्न निम्न कार्यको भुक्तानी दिन कच्चावारी बेगर भुक्तानी गरेको देखिन्छ । यसरी नियमावलीमा भएको ब्यवस्था बिपरीत भुक्तानी दिन बाकी कच्चावारी प्रमाण बेगरभुक्तानी दिएको वास्तबिक हो भन्न सकिने आधार देखिएन ।केही उदाहरण निम्न प्रकार छन । | ४,८३४,६५८ |

| गो.भौ.न. | शिर्षक | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| **५।२०७८।६।२५** | न.पा.पुजिगत | सार्वजनिकशौचालयनिर्माणउ.स. | ११३७१४० |
| ५७।२०६९।३।२५ | सशर्त्त न.पा. पुजिगत | देहिमान्डौ वसन्तपुर पाटन सडक | ९८२६२७ |
| **४।२०७८।६।२४** | न.पा.पुजिगत | देहिमान्डौ वसन्तपुर पाटन सडक | ११४४६४६ |
| १४४।२०७९।१।५ | सडक मर्मत सम्भार कोष | नगर स्तरिय सडक नि उ स | १५७०२४५ |

| | | | | |
|---|---|---|---|---|
| ५४.४ | | | **दर बिश्लेषण:स**डक बिभागको नम्स अनुसार दर बिश्लेषणको लागी श्रमीकको ज्याला,मेशिनको भाडा र ईन्धनको मुल्य राखी औषतमा आएको मुल्यलाई कार्यको परिमाणसंग गणना गरी रेट निकाल्ने ब्यवस्था छ । यस नगरपालिकाले दर बिश्लेषणमा सो नगरी श्रमिको ज्याला ५ प्रतिशत र अन्यमा ९५प्रतिशत राखेको कारण केही कार्यमा सडक बिभागको दर बिश्लेषण भन्दा नगरपालिकाको दर बिश्लेषणमा बढी हुन गई नगरपालिकालाई बढी ब्यायभार पर्न गएको देखिन्छ । नगरपालिका कार्यालयको hard Rock दर बिश्लेषण र सडक बिभागHard Rock को दर बिश्लेषण भिडान गर्दा सडक बिभागको भन्दा बढी दरमा भुक्तानी भएको देखिएकोले नगरपालिका कार्यालयले एकिन गरी नम्स अनुसारको दरमा कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ । केही दर बिश्लेषणका उदाहरण निम्न छन । | ६८६,५१५ |

| भौचर न | कामको नाम | परिमाण | नं.पा.पाटनको दर | औभरहेड बाहेक सडक पाटनको दर | फरक | बढी रकम |
|---|---|---|---|---|---|---|
| २१।२०१०।१ | गैलेक चापडा सडक उ.स. | ५७७ | ८५२ | ७३३ | ११९ | ६८६६३ |
| १७।२०७८।९।३ | हरिचन टकरे कोटगडा किचार सडक उ.स | २४७६ | ८५२ | ७३३ | ११९ | २९४६४४ |
| १२३।२०७९।१।४ | छिरिमोडदेखिगुजार सडक नि.उ.स. | २६७ | ८५२ | ७३३ | ११९ | ३१७७३ |
| ११।२०७९।३।१७ | डसिलो लदौली त्रिपुरेश्वर सडक उ. स | ८१५ | ८५२ | ७३३ | ११९ | ९६९८५ |
| २०७८९।३।२५ | कनेडा मोडतोली गौडाली बोहोरीगाउ सडक उ.स | १५५० | ८५२ | ७३३ | ११९ | १९४४५० |
| | जम्मा | | | | | ६८६५१५ |

| | | | | |
|---|---|---|---|---|
| ५५ | | | **पेश्की बाँकी**<br>आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४ (३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ। कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु. | ४,१८९,९७० |

| सि नं | पेश्कि लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु |
|---|---|---|---|---|
| | **म्याद नाघेको पेश्की** | | | |
| 1 | श्री जनप्रिय आधारभुत विद्यालय काकस्याली | | विद्यालय कक्षाकोठा निर्माण अनुदान | ९,००,००० |
| 2 | श्री बाराघर आधारभुत विद्यालय साज | | विद्यालय कक्षाकोठा निर्माण अनुदान | ९,००,००० |
| 3 | अग्नी इनकर्पोरिटेड प्रा. ली. | | एम्वुलेन्स खरिद | १३,५०,००० |
| 4 | अग्नी इनकर्पोरिटेड प्रा. ली. | | एम्वुलेन्स खरिद | ६,३९,९७० |
| 5 | महेश प्रसाद भट्ट | | स्थानीय तहमा प्राथमिक सूचना संकलन | ४,००,००० |
| जम्मा | | | | ४१,८९,९७० |
| | **म्याद ननाघेको पेश्की** | | | |
| 6 | राम दत्त जोशि | कार्यालय सहायक | व्यवसायिक युवा कृषकहरुलाई मागमा आधारित अनुदान | ७०,००० |
| 7 | हरि कुमारि विश्वकर्मा | सहायक पाँचौ | महिला, दलित उद्धम विकास कार्याक्रम | १,५०,००० |
| 8 | एस.के. निर्माण सेवा प्रा.ली. | | गौरि शंकर मा बि भवन निर्माण | ३,८०,००० |
| 9 | के एन विल्डर्स | | उदयदेव मावि भवन निर्माण | ४,३८,००० |
| 10 | जय मां स्वर्गद्धारी निर्माण सेवा प्रा.ली. | | वडा कार्यालय भवन निर्माण योजना | ६,३०,००० |

| | | | | |
|---|---|---|---|---|
| 11 | शुभम् डेभलपर्स एण्ड सप्लायर्स प्रा.लि. | | देहिमाण्डौं बसन्तपुर पाटन सडक निर्माण वडा नं ५ | ४,५०,००० |
| 12 | निलपालेश्वर माध्यामिक विद्यालय | | पोषण सुधारका लागि विद्यालयमा खानेपानि तथा सरसफाई योजना निर्माण वा मर्मत सम्भार | २,५३,४४० |
| 13 | श्री कैलाश आधारभुत विद्यालय | | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३,९०,००० |
| 14 | रेडियो सेभेन स्टार | | वडा कार्यालय १० को भवन निर्माण योजना | १,००,००० |
| 15 | जय मां स्वर्गद्धारी निर्माण सेवा प्रा.ली. | | वडा कार्यालयको भवन निर्माण योजना | ६,३०,००० |
| 16 | बसेडागाड झोलुङ्गे पुल निर्माण समिति | | मास्तामाडौं झो.पु. पाटन वडा नं. ७ बसेडीगाड, कल्तडी र बगाडी ट्रस झो.पु. पाटन नगरपालिका, बैतडी | ४,४६,८७२ |
| 17 | जेवला कालसैनी मन्दिर सडक निर्माण योजना | | जेवाला कालसैनी मन्दिर सडक | १,५८,००० |
| 18 | श्री डाँडाबाग आधारभुत विद्यालय हिरापुर | | विद्यालय कक्षाकोठा निर्माण अनुदान | ९,००,००० |
| 19 | श्री बाल जागृति आधारभुत विद्यालय रुपल्ली | | विद्यालय कक्षाकोठा निर्माण अनुदान | ९,००,००० |
| 20 | श्री भुवनेश्वर आधारभुत विद्यालय लदौली | | विद्यालय कक्षाकोठा निर्माण अनुदान | ९,००,००० |
| 21 | श्री ब्रह्म आधारभुत विद्यालय हतास | | विद्यालय कक्षाकोठा निर्माण अनुदान | ५,४०,००० |
| 22 | श्री ब्रह्म आधारभुत विद्यालय हतास | | विद्यालय कक्षाकोठा निर्माण अनुदान | ३,६०,००० |

| | | | | |
|---|---|---|---|---|
| **23** | श्री भुमिराज आधारभुत विद्यालय टिकापुर | | विद्यालय कक्षाकोठा निर्माण अनुदान | ९,००,००० |
| **जम्मा** | | | | ८५,९६,३१२ |
| • | | | कूल जम्मा | १२७८६२८२ |